गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा २३ को व्यवस्था बमोजिम प्रस्तुत

वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८२/८३

गण्डकी प्रदेश सरकार

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

असोज २०८३

प्रकाशकः

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

फोनः ०६१- ४५११८८

इमेलः pppcgandaki@gmail.com

बेवसाइड : ppc.gandaki.gov.np

© प्रतिलिपि अधिकारः

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

प्रकाशन मिति : २०८३ असोज

मुद्रण प्रति : २०० प्रति

गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन

माननीय सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री एवम् अध्यक्ष

डा. कृष्णचन्द्र देवकोटा
उपाध्यक्ष

श्री भूपाल बराल
प्रमुख सचिव एवम् सदस्य

डा. टोकराज पाण्डे
प्रदेश सचिव
आर्थिक मामिला मन्त्रालय एवम् सदस्य

श्री रमेश अर्याल
प्रदेश सचिव
गण्डकी प्रदेश नीति तथा योजना आयोग एवम्
सदस्य-सचिव

गण्डकी प्रदेश सरकार

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

फोन नं.: ०६१-४५११८८

प.सं.: २०८३/०८४
च.नं.:

मिति:२०८३/०६/१३

मानननीय मुख्यमन्त्री,
गण्डकी प्रदेश सरकार, पोखरा।

विषय: वार्षिक प्रतिवेदन पेश गरेको सम्बन्धमा।

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा २३ बमोजिम आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन पेश गरेको छु।

....
(डा. कृष्णचन्द्र देवकोटा)
उपाध्यक्ष

E-mail: pppcgandaki@gmail.com | Website: ppc.gandaki.gov.np

गण्डकी प्रदेश सरकार
फोन नं.: ०६१-४५११८८
गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल

मन्तव्य

नेपालको संविधानको मर्मअनुरूप नीतिगत मार्गदर्शन तथा योजनाबद्ध विकास प्रक्रियामार्फत गण्डकी प्रदेशमा उच्च, सन्तुलित र दिगो आर्थिक विकास हासिल गर्न प्रदेश सरकारलाई आवश्यक नीतिगत सुझाव, परामर्श तथा सहयोग प्रदान गर्ने उद्देश्यले गण्डकी प्रदेश नीति तथा योजना आयोगको स्थापना भएको हो।

प्रदेशको समग्र विकासका लागि दूरदृष्टिसहित आवधिक योजना तर्जुमा गर्ने, अन्तरतह तथा अन्तरनिकाय समन्वय र सहजीकरणलाई सुदृढ बनाउने, प्राथमिकताप्राप्त आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, क्षेत्रगत नीति तथा रणनीति तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने तथा नवप्रवर्तनका कार्यक्रमको लेखाजोखा, पूर्वपरीक्षण र मूल्याङ्कन गर्ने लगायतका कार्यहरू आयोगले निरन्तर रूपमा सम्पादन गर्दै आएको छ। आयोगले प्रदेशको स्रोतको अनुमान, प्रक्षेपण तथा वितरणलगायत अर्थतन्त्रका समष्टिगत पक्षको अध्ययन र विश्लेषणका आधारमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दै आएको छ। गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश तथा प्रचलित कानूनले निर्दिष्ट गरेको कार्यक्षेत्र र जिम्मेवारीको परिधिभित्र रही आयोगले आफ्ना वार्षिक नीति, कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्दै आएको छ।

प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन आयोगले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका प्रमुख कार्य, उपलब्धि तथा आगामी कार्यदिशाका सम्बन्धमा जानकारी प्रदान गर्नुका साथै आगामी वर्षहरूका लागि संस्थागत स्मृति, सिकाइ र मार्गदर्शनको महत्वपूर्ण दस्तावेजका रूपमा उपयोगी हुने अपेक्षा गरेको छु।

आयोगको समग्र कार्यसम्पादनमा निरन्तर नेतृत्व, मार्गदर्शन तथा अभिभावकत्व प्रदान गर्नु हुने आयोगका अध्यक्ष एवम् गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय सुरेन्द्रराज पाण्डेप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै, आयोगका कार्य प्रभावकारी रूपमा अघि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने आयोगका माननीय सदस्य, सचिव तथा सम्पूर्ण कर्मचारीप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

डा .कृष्णचन्द्र देवकोटा

उपाध्यक्ष

असोज, २०८३

E-mail: pppcgandaki@gmail.com | Website: ppc.gandaki.gov.np

विषयसूची

परिच्छेद एकः परिचय १

१.१ पृष्ठभूमि १

१.२ गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन १

१.३ गण्डकी प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार २

१.४ अन्य संस्थागत तथा कार्यगत व्यवस्था ७

परिच्छेद दुईः आर्थिक वर्ष २०८२/८३ मा सम्पादित कार्य ९

२.१ प्रदेश विकास समस्या समाधान समिति (PDPAC) को बैठक ९

२.२ अन्तर-सरकारी वित्तीय हस्तान्तरण ९

२.३ मध्यमकालीन खर्च संरचना (२०८३/८४-२०८५/८६) १०

२.४ स्रोत अनुमान १०

२.५ बजेट सीमा निर्धारण र मार्गदर्शन ११

२.६ अनुगमन तथा मूल्याङ्कन ११

२.७ बहुक्षेत्रीय पोषण कार्यक्रम १२

२.८ मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोसिप कार्यक्रम १३

२.९ गण्डकी प्रदेशको वातावरणीय अवस्थाको विश्लेषण प्रतिवेदन तयार १८

२.१० राजस्व वस्तुस्थिति अध्ययन तथा राजस्व परिचालन रणनीति तयार १९

२.११ गण्डकी प्रदेशको जलवायु परिवर्तन तथा वित्त स्थिति पत्र तयार २०

२.१२ समपूरक तथा विशेष अनुदानबाट सञ्चालित आयोजनाको प्रभाव मूल्याङ्कन २१

२.१३ उत्पादनमूलक उद्योगको उत्पादकत्व अध्ययन प्रतिवेदन २२

२.१४ आयोगबाट सम्पादित अन्य कार्य २३

परिच्छेद तीनः विकास व्यवस्थापनका वर्तमान अवस्था, समस्या, चुनौती र आगामी कार्यदिशा २५

३.१ विद्यमान अवस्था २५

३.२ विकास व्यवस्थापनका लागि गरिएका प्रयास २६

३.३ आयोगले सामना गरेका समस्या तथा चुनौती २७

३.४ आगामी कार्यदिशा.. २७

३.५ योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधार.. २८

अनुसूची - १: आयोगको संगठन संरचना.. ३०

अनुसूची - २: प्रदेश विकास समस्या समाधान समितिको स्वरुप................................. ३१

अनुसूची - ३: प्रदेश स्रोत अनुमान समितिको संरचना... ३२

अनुसूची - ४: प्रदेश विकास समस्या समाधान समितिको बैंठकका निर्णय......................... ३३

अनुसूची - ५: गण्डकी प्रदेश नीति तथा योजना आयोगका निर्णय................................ ४२

अनुसूची - ६: प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको बैठकका निर्णय............. ५०

अनुसूची - ७: आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन..................................... ५१

अनुसूची - ८: अध्ययन/अनुसन्धानको सूची... ५३

अनुसूची - ९: आयोगमा कार्यरत पदाधिकारी र कर्मचारी विवरण.............................. ५४

परिच्छेद एकः परिचय

१.१ पृष्ठभूमि

गण्डकी प्रदेश सरकारको स्थापना (वि.सं. २०७४ फागुन ४) पश्चात् गण्डकी प्रदेश नीति तथा योजना आयोग २०७५ साउन ६ गते गठन भई २०७५ साउन २२ गतेदेखि आयोगको औपचारिक रुपमा कार्य प्रारम्भ भएको हो। आयोगले "गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१" अनुसार नियमित कार्य सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ।

आयोगको काम, कर्तव्य र अधिकार, संस्थागत तथा कार्यगत व्यवस्था गत आर्थिक वर्षमा सम्पादित प्रमुख कार्य तथा उपलब्धि, आयोगको कामकारवाहीमा देखा परेका समस्या तथा चुनौती र आयोगको भावी कार्यदिशा समेटी गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा २३ को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा आयोगको कार्य जिम्मेवारीभित्र रही आर्थिक वर्ष २०८२/८३ मा आयोगले सम्पादन गरेका नियमित कार्य, प्रदेश विकास समस्या समाधान समितिको बैठकबाट भएका निर्णय, आयोगबाट भएका अनुगमन तथा मूल्याङ्कनका निष्कर्ष, आयोगले तर्जुमा तथा प्रकाशन गरेका विकास कार्यक्रम तथा आयोजना सम्बन्धी कार्यविधि, मापदण्ड र मार्गदर्शन, आयोगले सम्पादन गरेका प्रमुख वार्षिक कार्यक्रम, विनियोजित बजेट र खर्चको अवस्था, आयोगको बैठकबाट भएका निर्णय तथा आयोगबाट भएका अध्ययन/अनुसन्धानका विषयवस्तु समावेश गरिएको छ।

१.२ गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन

गण्डकी प्रदेशमा उच्च आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोच सहितको विकास नीति तथा योजना तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन र मूल्याङ्कन गरी प्रदेश सरकारलाई राय, सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने अभिप्राय सहित गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन गरिएको हो।

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा ३ बमोजिम आयोगको संरचना देहाय अनुसार छः

क) मुख्यमन्त्री	अध्यक्ष
ख) प्रदेश सरकारबाट नियुक्त एक जना	उपाध्यक्ष
ग) प्रमुख सचिव, प्रदेश सरकार	सदस्य

घ)	प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक महिला सहित बढीमा दुई जना	सदस्य
ङ)	प्रदेश-सचिव, आर्थिक मामिला मन्त्रालय	सदस्य
च)	प्रदेश-सचिव, गण्डकी प्रदेश नीति तथा योजना आयोग	सदस्य-सचिव

गठन आदेश अनुसार उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, विज्ञान तथा प्रविधि र प्राकृतिक स्रोत वा मानव स्रोत व्यवस्थापन, वातावरण वा जलवायु परिवर्तन सम्बन्धी विषय विज्ञ मध्येबाट नियुक्ति गरिने व्यवस्था रहेको छ।

१.३ गण्डकी प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार

१.३.१ **गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा ८ बमोजिम** आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

(क) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनः

१. वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्रदेशको आवधिक योजनासँग तादात्म्यता मिलाउन विषयगत मन्त्रालयसँग छलफल गर्ने,

२. औचित्य र आवश्यकताका आधारमा कार्यक्रम संशोधन गर्नु परेमा मन्त्रालयलाई सहजीकरण गर्ने,

३. कार्यक्रम कार्यान्वयनमा मन्त्रालय र अन्य निकायलाई सहजीकरण गर्ने,

४. प्रदेशको समग्र स्रोतको प्रक्षेपण गरी प्राथमिकताका आधारमा क्षेत्रगत सन्तुलन मिलाई विषयगत मन्त्रालय, आयोग तथा सचिवालयको स्रोत सीमा प्रक्षेपण गर्ने।

(ख) अनुगमन तथा मूल्याङ्कनः

१. प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायमा लागू गरी संस्थागत गराउने,

२. मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीति र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गर्ने, गराउने,

३. अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा पेशागत सङ्घ संस्था, नागरिक समाज र विकासका साझेदारबीच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

(ग) तहगत समन्वयः

१. सङ्घ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

२. प्रदेश सरकारका क्षेत्रगत नीतिमा परामर्श दिने,

३. आयोजना बैंक सम्बन्धी कार्य गर्ने,

४. राष्ट्रिय तथा प्रादेशिक योजनासँग तादात्म्य हुनेगरी प्रदेशभित्रका स्थानीय तहको आवधिक योजना निर्माण परिमार्जनमा समन्वय, सहयोग र साझेदारी गर्ने।

(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषणः

१. प्रादेशिक नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, आबद्धता, कार्यदक्षता र दिगोपनाका विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत् सम्बन्धी प्रणाली विकास गर्ने,

२. सार्वजनिक, निजी एवम् गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास र कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्राज्ञिक प्रोत्साहन तथा सहजीकरण गर्ने,

३. आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा विकास, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रूपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्ताव सिफारिस गर्ने,

४. आयोजनाको अवधारणापत्र सम्बन्धी कार्य गर्ने,

५. विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धानमा सहकार्य गर्ने,

६. क्षेत्रगत र विषयगत स्वयंसेवकको छनौट गर्ने, हटाउने, प्रशिक्षार्थी प्रशिक्षण लिने।

(ङ) अन्यः

१. प्रदेश सरकारका मन्त्रालयको स्वीकृत वार्षिक विकास कार्यक्रमको चौमासिक/वार्षिक प्रगति समीक्षा गर्ने,

२. प्रदेशको समग्र समृद्धिका लागि भविष्यपरक दृष्टि सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनमा सहजीकरण गर्ने,

३. आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय, सुशासन समेतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

४. लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) र स्वीकृत कार्यविधि अनुसार आयोजना तयारी तथा छनौट सम्बन्धी काम गर्ने,

५. प्रदेशको स्रोतको अनुभव, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणका लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने,

६. अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण प्रक्रिया अवलम्बन गरी विभिन्न क्षेत्रगत नीति निर्माण तथा सोको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने,

७. प्रदेशको समष्टिगत अर्थतन्त्रको अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाको तर्जुमा गर्ने, गराउने,

८. सङ्घ, प्रदेश तथा स्थानीय तहको सहलगानी हुने आयोजना छनौट र पूर्व तयारी गर्न आवश्यक काम गर्ने,

९. प्रदेशस्तरका ठूला आयोजना छनौट गर्ने,

१०. निजी क्षेत्र, सहकारी, सामुदायिक वा बाह्य लगानीका आयोजनाको सम्भाव्यता अध्ययन गर्ने,

११. सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा सञ्चालन हुने आयोजना तर्जुमा तथा कार्यान्वयनका विषयमा गण्डकी प्रदेश विकास प्राधिकरणसँग समन्वय गर्ने,

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नीति संवाद सञ्चालन र सहजीकरण गर्ने,

१३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणाली विकास र व्यवस्थापन गर्ने गराउने,

१४. सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षण गरी परामर्श दिने।

(च) **गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा २५ (निर्देशिका, कार्यविधि तथा दिग्दर्शन बनाउन सक्ने)** मा आदेश कार्यान्वयन गर्न आयोगले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा दिग्दर्शन बनाई लागू गर्न सक्ने व्यवस्था रहेको छ।

१.३.२ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९

१. मध्यमकालीन खर्च संरचना

- आयोगले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ बमोजिम आवधिक योजनाका आधारमा प्रत्येक आर्थिक वर्ष तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गरी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रम खाका र नतिजा खाका, प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, अनुमानित लागत, सञ्चालन अवधि, प्राप्त हुने प्रतिफल समेत खुलाई आयोजना/कार्यक्रमको प्राथमिकीकरण गर्ने,
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १० बमोजिम आयोगले मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र आर्थिक स्थायित्व हुनेगरी समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गरी चैत मसान्तभित्र तयार गर्ने।

२. स्रोत अनुमान र खर्चको सीमा निर्धारण

- आयोगले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ बमोजिम आर्थिक मामिला मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनार्थ आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा बजेट सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको माघ मसान्तभित्र गर्ने,
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ११ बमोजिम आयोगको उपाध्यक्षको संयोजकत्वमा प्रदेश स्रोत अनुमान समिति रहने, र समितिले स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी प्रतिवेदन आर्थिक मामिला मन्त्री समक्ष

पेश गर्ने प्रावधान रहेको छ। प्रदेश श्रोत अनुमान समितिको स्वरूप, काम, कर्तव्य र अधिकार अनुसूची ३ मा रहेको छ।

३. बजेट सीमा र मार्गदर्शन

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ७ बमोजिम आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधिनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको फागुन पन्ध्र गतेभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालयमा पठाउने व्यवस्था रहेको छ।

४. बजेट तर्जुमा

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ८ बमोजिम लेखा उत्तरदायी अधिकृतले बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने,
- आयोगले प्राप्त प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन, नर्म्स्, ड्रइङ्ग तथा डिजाइन सहित आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समय तालिका, खरिद गुरूयोजना र वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गरी सोको प्रतिवेदन आर्थिक मामिला मन्त्री समक्ष पेश गर्ने।

५. आयोजनाको वर्गीकरण

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १६ बमोजिम आयोजना वर्गीकरण गर्ने आधार तथा मापदण्ड आयोगको सिफारिसमा प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुने व्यवस्था रहेकोले नेपाल सरकारले अवलम्बन गरेको समग्र विकास नीति, प्रदेशको विकास नीति तथा योजना, प्रदेश कानून र अन्तरसरकारी वित्त परिषद्को

निर्णय समेतको आधारमा आयोजना वर्गीकरणका आधार र मापदण्ड बनाउने जिम्मेवारी आयोगको रहेको देखिन्छ।

१.३.३ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (तेस्रो संशोधन) कार्यविधि, २०८१

अन्तरसरकारी वित्तीय हस्तान्तरण

प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (तेस्रो संशोधन) कार्यविधि, २०८१ को दफा १० बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान तथा विशेष अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। कार्यविधिको दफा १० को उपदफा (१२) मा स्थानीय तहमा विशेष अनुदान तथा समपूरक अनुदान वितरण गर्ने सम्बन्धमा मार्गदर्शन, समन्वय र सहजीकरण गर्न तथा स्थानीय तहबाट प्रस्तावित आयोजना तथा कार्यक्रम छनौट गरी सिफारिस गर्न आयोगको उपाध्यक्षको संयोजकत्वमा समिति रहने व्यवस्था रहेको साथै, आयोगका सचिव समितिको सदस्य सचिव रहने व्यवस्था रहेकाले समपूरक र विशेष अनुदानका आयोजना तथा कार्यक्रम छनौट एवम् सिफारिससँग सम्बन्धित सम्पूर्ण कार्य तथा जिम्मेवारी आयोगको रहेको देखिन्छ।

१.४ अन्य संस्थागत तथा कार्यगत व्यवस्था

१.४.१ प्रदेश विकास परिषद्

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा ९ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शनका लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विकास परिषद् रहने व्यवस्था छ। आयोगले तयार गरेको आवधिक योजना परिषद्को बैठकमा छलफल पश्चात् परिषद्को निर्देशानुसार प्रदेश सरकारको स्वीकृतिका लागि पेश गरिने व्यवस्था रहेको छ।

१.४.२ प्रदेश विकास समस्या समाधान समिति (PDPAC)

प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ मा प्रदेश विकास समस्या समाधान समितिको व्यवस्था रहेको छ। गण्डकी प्रदेशका विकास नीति, योजना,

कार्यक्रम तथा आयोजना कार्यान्वयनको प्रगति समीक्षा, समस्याको समाधान लगायतका नीतिगत विषयमा काम गर्नका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रका रुपमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशस्तरीय विकास समस्या समाधान समिति रहने कानूनी व्यवस्था छ। समितिले स्थानीय तह र प्रदेश मन्त्रायबाट प्राप्त समस्याको अध्ययन र विश्लेषण गरी प्रदेशस्तरमा समाधान हुनसक्ने र राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश गर्नुपर्ने विषय यकिन गरी निर्णयानुसार कार्यान्वयन गर्ने गराउने कार्य गर्दछ। प्रदेश विकास समस्या समाधान समितिको स्वरूप, काम, कर्तव्य र अधिकार अनुसूची २ मा रहेको छ।

परिच्छेद दुईः आर्थिक वर्ष २०८२/८३ मा सम्पादित कार्य

आयोगको गठन आदेशमा उल्लिखित काम, कर्तव्य र अधिकारका क्षेत्रभित्र रही संस्थागत तथा कार्यगत व्यवस्था अनुरूप आयोगका कार्यसम्पादन हुँदै आएको छ। आर्थिक वर्ष २०८२/०८३ को अवधिमा आयोगका कार्यसम्पादन तथा हासिल उपलब्धि यस परिच्छेदमा उल्लेख गरिएको छ।

२.१ प्रदेश विकास समस्या समाधान समिति (PDPAC) को बैठक

प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ बमोजिम प्रदेश विकास समस्या समाधान समितिको बैठक सञ्चालन हुँदै आएको छ। यस बैठकमा आयोजना तथा कार्यक्रम कार्यान्वयन तहमा भएका अन्तर-मन्त्रालयगत, नीतिगत एवम् कानूनी विषयमा देखिएका समस्याको उचित समाधान गर्ने प्रयास गरिन्छ र प्रदेश सरकारको क्षेत्राधिकार भित्र नरहेका विषयमा उपयुक्त सुझाव सहित राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा मिति २०८२/०४/१८, २०८२/०८/२४ र २०८२/१२/२६ गते गरी तीनवटा प्रदेश विकास समस्या समाधान समितिका बैठक आयोजना गरिएका छन्। मन्त्रालयगत विकास समस्या समाधान समितिका निर्णयानुसार मन्त्रालयबाट पेस भएका समस्या तथा विषयवस्तुको अध्ययन पश्चात् समितिका अध्यक्षको निर्देशानुसार प्रदेश विकास समस्या समाधान समितिमा प्रस्तुत गर्नुपर्ने प्रस्ताव तयार गरी बैठकमा पेस गरिन्छ। बैठकको छलफलका आधारमा समितिले गरेका निर्णय प्रमाणीकरण गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार समेत गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न बाह्रौं, तेह्रौं र चौधौं समस्या समाधान समितिको बैठकका निर्णय अनुसूची ४ मा समावेश गरिएको छ।

२.२ अन्तर-सरकारी वित्तीय हस्तान्तरण

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (तेस्रो संशोधन) कार्यविधि, २०८१ को दफा १० बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान तथा विशेष अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। कार्यविधिको दफा १० को उपदफा (१२) मा स्थानीय तहमा विशेष अनुदान तथा समपूरक अनुदान वितरण गर्ने सम्बन्धमा मार्गदर्शन, समन्वय र सहजीकरण गर्न तथा स्थानीय तहबाट प्रस्तावित आयोजना तथा कार्यक्रम छनौट गरी सिफारिस गर्न आयोगको उपाध्यक्षको संयोजकत्वमा समिति रहने कानूनी व्यवस्था भएकाले आर्थिक वर्ष २०८३/०८४ को बजेट अन्तर्गत स्थानीय तहलाई प्रदेश सरकारले प्रदान गर्ने अनुदानका लागि बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा

१० बमोजिम विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम छनौट गरी आर्थिक मामिला मन्त्रालयमा सिफारिस गरिएको छ।

२.३ मध्यमकालीन खर्च संरचना (२०८३/८४-२०८५/८६)

आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता ल्याउँदै विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजार मानिन्छ। आयोगले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १० बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्दै आएको छ। गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा समाविष्ट प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र तथा प्रदेशको अर्थतन्त्रको विद्यमान अवस्थाको आधारमा मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८३/८४-२०८५/८६) तर्जुमा गरिएको छ।

आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा प्राप्त हुन सक्ने आय तथा व्ययको प्रक्षेपण, आर्थिक वर्ष २०८१/८२ को यथार्थ आय तथा व्यय विवरण, आर्थिक वर्ष २०८२/८३ को आय तथा व्यय अनुमान लगायतका तथ्याङ्क सङ्कलनका लागि विषयगत मन्त्रालयका प्रदेश-सचिव, प्रदेश लेखा नियन्त्रण कार्यालयका प्रमुख, मन्त्रालयका महाशाखा प्रमुख एवम् शाखा प्रमुखसँग छलफल तथा समन्वय गरी प्रदेशको समष्टिगत तथा मन्त्रालयगत वित्त खाका, बजेट खाका एवम् नतिजा खाका सहितको मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र सम्बन्धित नियमावली बमोजिम आयोगबाट तयार भएको मध्यमकालीन खर्च संरचना २०८३ असार १ गते आर्थिक मामिला मन्त्रालयमार्फत प्रदेश सभामा पेश भएको छ।

२.४ स्रोत अनुमान

आयोगले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको, २०७९ को नियम ११ बमोजिम प्रदेश स्रोत अनुमान समितिबाट मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्न आगामी तीन आर्थिक वर्षमा उपलब्ध हुने स्रोतको पूर्वानुमान गर्नुपर्ने व्यवस्था रहेको छ। आयोगका उपाध्यक्षको संयोजकत्वमा रहने स्रोत अनुमान समितिले आर्थिक तथ्याङ्क

विश्लेषण सहित प्रदेशको स्रोत अनुमान प्रतिवेदन तयार गरी आर्थिक मामिला मन्त्रीसमक्ष पेश गरेको छ।

२.५ बजेट सीमा निर्धारण र मार्गदर्शन

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ११ मा व्यवस्था भए बमोजिमको प्रदेश स्रोत अनुमान समितिबाट तयार भएको प्रतिवेदनका आधारमा आर्थिक वर्ष २०८२/८३ का लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा मिति २०८२/११/१४ गतेको आयोगको बैठकबाट स्वीकृत गरिएको र सम्बन्धित मन्त्रालय, आयोग र सचिवालयमा पठाइएको छ।

२.६ अनुगमन तथा मूल्याङ्कन

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८१ को दफा ८ को खण्ड (ख) बमोजिम आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत अनुगमन तथा मूल्याङ्कन रहेकाले कानून प्रदत्त जिम्मेवारी अनुरुप आर्थिक वर्षको विभिन्न समयमा आवश्यकता अनुसार आयोगका पदाधिकारी, प्रदेश-सचिव, उपसचिव र अधिकृतको नेतृत्वमा विभिन्न विकास आयोजनाको अवलोकन, अनुगमन तथा मूल्याङ्कन गरिएको छ। यसबाट मर्मत गर्नुपर्ने सडक खण्ड तथा आयोजना पहिचान, आयोजनाको उपयोगिता, प्राथमिकता जस्ता विषय पहिचान गरी सुझावसहितको प्रतिवेदन समेत पेस गर्ने गरिएको छ। साथै, प्रदेशका प्रमुख पर्यटकीय क्षेत्रको अनुगमन गरी आयोगलाई राय सुझावका लागि प्राप्त पर्यटन नीतिको मस्यौदा संशोधन गरी उद्योग तथा पर्यटन मन्त्रालयमा पठाइएको छ। नेपाल सरकारको अनुदानमा प्रदेश सरकारबाट सञ्चालित समपूरक र विशेष अनुदान तर्फका आयोजनाको समेत स्थलगत निरीक्षण तथा अनुगमन गरिएको छ। साथै, प्रदेशबाट स्थानीय तहलाई प्रदान गरेको समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना अनुगमनका साथै स्थानीय तहसँग नीतिगत सुधारका विषयमा छलफल समेत गरिएको छ। अनुगमनका क्रममा आयोजना कार्यान्वयनमा सरोकारवाला निकायबीच समन्वयको अभाव, आयोजनाको लागत अनुमानको तुलनामा न्यून वार्षिक बजेट, आयोजनाको पूर्वतयारी अभाव लगायतका कारण आयोजना समयमा सम्पन्न हुन नसकेका, रुग्ण आयोजना सञ्चालनका लागि उपयुक्त पहल नगरिएको लगायतका समस्या पहिचान गरिएका छन्। आगामी समयमा पूर्ण प्रतिबद्धताका साथ आयोजना बैंक कार्यान्वयनमा ल्याउन सकेमा उल्लिखित समस्या समाधान हुनसक्ने देखिन्छ।

२.७ बहुक्षेत्रीय पोषण कार्यक्रम

नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत "बहु-क्षेत्रीय पोषण योजना- तेस्रो" बमोजिम बहु-क्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन भइरहेको छ। प्रदेशका ८५ वटा स्थानीय तह मध्ये ७० वटा स्थानीय तहमा संघीय बजेटअन्तर्गत पोषणमैत्री स्थानीय शासन प्रवर्धनका लागि नियमित कार्यक्रम र १५ वटा स्थानीय तहमा पोषण सहजकर्ता नियुक्ति गरी यो कार्यक्रम सघन रुपमा सञ्चालनमा रहेको छ। बागलुङ जिल्लाको बडिगाड गाउँपालिका, ढोरपाटन र बागलुङ नगरपालिका; स्याङ्जा जिल्लाको कालीगण्डकी र हरिनास गाउँपालिका; गोरखा जिल्लाको गोरखा नगरपालिका र भीमसेन थापा गाउँपालिकामा राष्ट्रिय योजना आयोगको विशेष अनुदान अन्तर्गत पोषणमैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रम र बहुक्षेत्रीय पोषण कार्यक्रम सघन रुपमा संचालित रहेको छ। उक्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि "बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम प्रदेश संयोजक परिचालन गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ मा आयोगबाट बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलाप देहाय बमोजिम रहेका छन्:-

क) प्रदेशका ८५ वटै स्थानीय तहका आर्थिक वर्ष २०८१/८२ को बहुक्षेत्रीय पोषण कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन एकिकृत गरिएको,

ख) प्रदेश मन्त्रालयका आर्थिक वर्ष २०८१/८२ मा बहुक्षत्रीय पोषण कार्यक्रमसँग सम्बन्धित कार्यक्रमको प्रगति विवरण एकिकृत गरिएको,

ग) स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रमको वार्षिक एकिकृत कार्ययोजना बनाउन सहजीकरण गर्नुका साथै पोषणका क्षेत्रमा लगानी गर्न पैरवी गरिएको,

घ) कास्कीको लुम्लेमा २०८२ साल मङ्सिर १५ र १६ गते प्रदेशस्तरीय बहुक्षेत्रीय पोषण कार्यक्रमको समिक्षा कार्यक्रम आयोजना गरिएको छ। उक्त कार्यक्रममा उपस्थित स्थानीय तहका प्रतिनिधिले आर्थिक वर्ष २०८१/८२ को MSNP-III को वार्षिक प्रगति समिक्षा, कार्यक्रम कार्यान्वयनमा भएका चुनौती तथा सिकाई, आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम कार्ययोजना सम्बन्धी प्रस्तुतीकरण गरी अनुभव आदान-प्रदान गरिएको,

ङ) आयोगको नेतृत्वमा गोरखा जिल्लाको गण्डकी गाउँपालिका, बागलुङ जिल्लाको बडिगाड गाउँपालिका र स्याङ्जा जिल्लाको कालीगण्डकी गाउँपालिकामा बहुक्षेत्रीय पोषण लक्षित अनुगमन गरिएको,

च) प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक मिति २०८२/०७/२० र मिति २०८३/०२/०१ गते आयोजना गरी विभिन्न निर्णय गरिएको, समितिको बैठकका निर्णय अनुसूची ६ मा समावेश गरिएको छ।

छ) पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८० को परिच्छेद ५ को दफा ४ बमोजिम प्रदेशस्तरीय अनुगनम तथा सिफारिस समितिबाट स्थलगत अनुगमन एवम् सिफारिसका लागि बडिगाड गाउँपालिका तथा कालीगण्डकी गाउँपालिकाबाट अनुरोध भएकोमा आयोगका सदस्यको संयोजकत्वमा बडिगाड गाउँपालिका र आयोगका उपाध्यक्ष संयोजकत्वमा कालीगण्डकी गाउँपालिकामा सम्बन्धित विषय केन्द्रित अनुगमन गरिएको छ। उक्त कार्यविधिको अनुसूची-४ बमोजिमको विवरणसहित प्रतिवेदन तयार गरी आयोग समक्ष पेस गरिएको छ। आयोगको मिति २०८३/०३/११ को बैठक (नियमित) को निर्णयानुसार बडिगाड गाउँपालिकालाई पोषणमैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गरिएको छ। तत् पश्चात् मिति २०८३/०३/१५ गते बडिगाड गाउँपालिका नेपालकै पहिलो पोषणमैत्री स्थानीय शासन युक्त गाउँपालिका घोषणा भएको छ।

२.८ मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोसिप कार्यक्रम

स्वदेश तथा विदेशका विश्वविद्यालयबाट विशिष्ट विधामा ज्ञान तथा सीप हासिल गरेका नेपाली युवा तथा विद्यार्थीको ज्ञान, क्षमता र नवीन सोचलाई गण्डकी प्रदेशको विकास तथा रूपान्तरणमा उपयोग गर्ने उद्देश्यले "मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोसिप कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" स्वीकृत गरिएको, कार्यविधिबमोजिम समन्वय समिति तथा सञ्चालन समिति गठन गरी कृषि, सडक, पर्यटन, सिँचाई तथा खानेपानी, विपद् जोखिम व्यवस्थापन, शासकीय प्रबन्ध, जलवायु परिवर्तन तथा वातावरण, आन्तरिक राजस्व र सामाजिक समावेशीकरण गरी नौ वटा विधामा नौ जना फेलो छनोट गरी विषय क्षेत्रगत मन्त्रालयमा परिचालन गरिएको छ।

फेलोहरूबाट सम्बन्धित क्षेत्रका अध्ययन, अनुसन्धान तथा प्रदेश सरकारका कार्यालयबाट प्रवाह भइरहेका सार्वजनिक सेवाको अवस्था, समस्या, सम्भावना र सुधारका उपायबारे स्थलगत अध्ययन गरी प्राप्त ज्ञान तथा अनुभवलाई सम्बन्धित निकाय तथा सरोकारवालासमक्ष प्रस्तुत र आदानप्रदान भएको छ। यसबाट सेवा प्रवाहमा देखिएका असल अभ्यासको पहिचान, सुधारका सम्भावनाको खोजी तथा नीतिगत निर्णयका लागि उपयोगी ज्ञान र प्रमाणमा आधारित सुझाव प्राप्त भएको छ।

कार्यक्रमले युवा पुस्तालाई सरकारको कार्यप्रणाली तथा सार्वजनिक सेवा प्रवाहलाई नजिकबाट बुझ्ने, अनुसन्धानमा आधारित सोच विकास गर्ने र सार्वजनिक क्षेत्रप्रति अनुभवमा आधारित धारणा निर्माण

गर्ने अवसर प्रदान गरेको छ। फेलोहरूले प्राप्त गरेको सकारात्मक अनुभव तथा सिकाइलाई सार्वजनिक गर्दा सरकारी संस्था र सेवाप्रति विश्वास तथा सकारात्मकता अभिवृद्धि गर्न सहयोग पुगेको छ। साथै, यस कार्यक्रमबाट प्राप्त ज्ञान, अनुसन्धान, अनुभव, व्यावसायिक दक्षता तथा सार्वजनिक क्षेत्रसँगको प्रत्यक्ष अनुभवले फेलोहरूको भविष्यको पेशागत जीवनमा नेतृत्व क्षमता, सामाजिक उत्तरदायित्व र सार्वजनिक सेवाप्रतिको प्रतिबद्धता विकास गर्न दीर्घकालीन योगदान पुग्ने अपेक्षा गरिएको छ।

सार्वजनिक क्षेत्रको अनुभवका साथै फेलोले कार्यक्षेत्रको आवश्यकताका आधारमा विषयगत मन्त्रालयका सुपरिवेक्षकको समन्वयमा आ-आफ्ना क्षेत्र अन्तर्गत अध्ययनका विषयक्षेत्र निर्धारण गरी देहायका विषयवस्तु समेटी अन्तिम प्रतिवेदन समेत पेस गरेका छन्।

- **कृषि (गण्डकी प्रदेशको दुग्ध क्षेत्रको अवस्था, सहकारी संग्लनता र दुग्ध प्रोत्साहन सहयोग कार्यक्रमको मूल्याङ्कन):** यस अध्ययनका प्रमुख विश्लेषणमा गण्डकी प्रदेशको दुग्ध आत्मनिर्भरता (१२८.३%), क्षेत्रगत दुग्ध उत्पादनको अवस्था, दुग्ध प्रोत्साहन तथा पशु खोप कार्यक्रमको प्रभावकारीता, सहकारी संस्थाको भूमिका लगायत रहेका छन्। क्षेत्रगत तथ्याङ्क विश्लेषणका साथै, अनुदान नीतिको पुनर्संरचना, भुक्तानी प्रणाली सुधार, औपचारिक बजार एकीकरण विस्तार, नस्ल सुधार र उत्पादकत्व वृद्धि, एक स्वास्थ्य नीति, अभिलेखीकरण र तथ्याङ्कमा आधारित नीति निर्माण एवम् लैङ्गिक समानता र युवा सहभागिता जस्ता नीतिगत सुझावा साथै कार्यान्वयन कार्ययोजना समेत प्रस्ताव गरिएको छ।

- **सडक (गण्डकी प्रदेशमा सार्वजनिक विद्युतीय सवारी कार्यान्वयनका प्रमुख अवरोधहरुको AHP (Analytical Hierarchy Process) आधारित विश्लेषण):** यस अध्ययनले गण्डकी प्रदेशलाई केन्द्रमा राखी विश्लेषणात्मक श्रेणीबद्ध प्रक्रियाको प्रयोगबाट सार्वजनिक विद्युतीय सवारी कार्यान्वयनका प्रमुख अवरोधको पहिचान तथा प्राथमिकता निर्धारण गर्ने प्रयास गरेको देखिन्छ। साहित्य समीक्षाका आधारमा पूर्वाधार, आर्थिक, संस्थागत तथा सञ्चालनसम्बन्धी चारवटा सम्भावित अवरोध क्षेत्र अन्तर्गत १६ वटा उपअवरोधका क्षेत्र निर्धारण गरिएको छ। विश्लेषण अनुसार आर्थिक अवरोध (४५.७२%), पूर्वाधार (२२.७८%), संस्थागत (१९.३१%) र सञ्चालन (१२.१९%) रहेको अध्ययनले दर्शाएको छ। उक्त विश्लेषणका आधारमा सार्वजनिक विद्युतीय सवारी साधन प्रोत्साहन गर्न Gross Cost Contract विधि, भुक्तानी सुरक्षा संयन्त्र निर्माण, वित्तीय प्रोत्साहन, समन्वय इकाई, प्राविधिक सुरक्षा मापदण्ड, जनशक्ति विकास, सवारी दर्ता अभिलेखमा उर्जा स्रोत वर्गीकरण लगायतका सुझाव प्रस्ताव गरिएका छन्।

- **पर्यटन (गण्डकी प्रदेशमा दिगो पर्यटनको अवस्था, चुनौती र नीतिगत सुझाव):** अध्ययन अनुसार पर्यटन क्षेत्रले स्थानीय तथा प्रादेशिक अर्थतन्त्रमा उल्लेखनीय सकारात्मक प्रभाव पारेको देखिन्छ। यद्यपि, पर्यटन क्षेत्रको योगदान पोखरा केन्द्रित तथा मौसमी रहेको र प्रादेशिक नीति पर्याप्त नभएको उल्लेख गरिएको छ। दिगो पर्यटनको चुनौतीका रुपमा अन्तर्राष्ट्रिय स्तरको डिजिटल मार्केटिङ्को अभाव, दक्ष जनशक्तिको कमी, अव्यवस्थित पूर्वाधार तथा वातावरणीय प्रदूषण, प्राकृतिक प्रकोप लगायत रहेका छन्। अध्ययनले पहिचान गरेका विद्यमान संरचनागत कमजोरी, Digital Gap, वातावरणीय प्रदूषण र समन्वयको अभाव लगायतका समस्या समाधान गर्न पूवाधार विकास, गुणस्तर सुधार, Digital Marketing र तथ्याङ्क प्रणाली, स्थानीय समुदायको क्षमता विकास, पर्यावरण संरक्षण, नीतिगत समन्वय, Eco-Tourism model अपनाउने लगायतका नीतिगत हस्तक्षेप सिफारिस गरिएको छ।

- **सिँचाई तथा खानेपानी (गण्डकी प्रदेशमा सिँचाइ तथा खानेपानी सेवा व्यवस्थापनको अवस्था, चुनौती र नीतिगत सुधारका उपायहरु):** यस अध्ययनको मुख्य उद्देश्य गण्डकी प्रदेशमा सिँचाइ तथा खानेपानी क्षेत्रसँग सम्बन्धित कानूनी, नीतिगत तथा योजनागत व्यवस्थाको समीक्षा गर्ने व्यवहारिक कार्यान्वयन, सेवा व्यवस्थापन प्रणाली, संस्थागत समन्वय तथा नीतिगत सुधारका सम्भावना मूल्याङ्कन गर्नु रहेको देखिन्छ। अध्ययनबाट आवश्यकतामा आधारित आयोजना छनोट प्रणाली, अन्तरनिकाय समन्वय, सञ्चालन तथा मर्मतसम्भार, उपभोक्ता समितको क्षमता, सेवा शुल्क व्यवस्थापन, तथ्याङ्क व्यवस्थापन, GIS मा आधारित योजना प्रणाली र सिँचाइ लगानी र कृषि उत्पादनबीचको प्रभाव मूल्याङ्कन प्रणाली सुदृढ हुन नसकेको देखिन्छ। साथै, खानेपानी क्षेत्रमा आधारभूत पहुँच विस्तार भए तापनि गुणस्तर, स्रोत संरक्षण, नियमित अनुगमन, वितरण प्रणालीको दिगोपन तथा सेवा स्तर सुधारलाई थप प्राथमिकता दिनुपर्ने देखिन्छ। सिँचाइ तथा खानेपानी सेवाको दिगो व्यवस्थापनका लागि आवश्यकतामा आधारित आयोजना छनोट, अन्तरनिकाय समन्वय संयन्त्र, सञ्चालन तथा मर्मतसंभार कोष, उपभोक्ता समितिको क्षमता विकास, सिँचाई लगानी र कृषि उत्पादनबीचको प्रभाव मूल्याङ्कन प्रणाली तथा कृषि भूमि संरक्षणसम्बन्धी नीतिगत उपाय सिफारिस गरिएको छ।

- **विपद् जोखिम व्यवस्थापन (गण्डकी प्रदेशमा विपद् जोखिम व्यवस्थापनः चुनौती, प्रभाव तथा नीतिगत सुधार):** यस अध्ययनमा गण्डकी प्रदेशमा विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित

अवस्थाको विश्लेषण गरिएको छ। विश्लेषणबाट गण्डकी प्रदेशमा पहिरो, बाढी तथा चट्याङ प्रमुख विपद्का रुपमा देखिएका छन् भने मानवीय तथा आर्थिक क्षति अधिक रहेको देखिन्छ। विशेषगरी पहाडी जिल्लामा पहिरो र तराईमा बाढी तथा खोला कटानका कारण कृषि, सडक पूर्वाधार, शैक्षिक संस्था तथा बस्ती उच्च जोखिममा रहेको देखिएको छ। अध्ययनले विपद् जोखिम व्यवस्थापनलाई प्रक्रियामुखी दृष्टिकोणबाट पूर्वतयारी र जोखिम न्यूनीकरण केन्द्रित दृष्टिकोणतर्फ रूपान्तरण गर्नुपर्ने आवश्यकता औँल्याएको छ। GIS तथा Remote Sensing प्रविधिको प्रयोग विस्तार, जोखिमयुक्त बस्तीको मूल्याङ्कन र व्यवस्थापन, पूर्व चेतावनी प्रणाली सुदृढीकरण, विपद् व्यवस्थापन कोषको दायरा र उत्थानशील पूर्वाधार निर्माण तथा दीर्घकालीन विपद् उत्थानशील विकास प्रबर्द्धन लगायतका आवश्यकता पहिचान गरिएको छ।

- **शासकीय प्रबन्ध (सङ्घीय शासन प्रणालीमा अन्तर तह कार्य विभाजन र कानूनहरुको उत्तरविधायिकी परीक्षण):** यस अध्ययनले तीन तहका सरकारबीच कार्य विभाजन तथा गण्डकी प्रदेश उत्तर विधायिकी परीक्षणको अवस्था विश्लेषण गर्ने प्रयास गरेको देखिन्छ। अध्ययनले नेपालमा सङ्घीयता संस्थागत परिपक्वतातर्फ उन्मुख भइरहेको सन्दर्भमा कानून निर्माण मात्र पर्याप्त नभई, कानूनको कार्यान्वयन, प्रभावकारिता तथा निरन्तर मूल्याङ्कन पनि महत्वपूर्ण रहेको दर्शाएको छ। गण्डकी प्रदेशले आर्थिक वर्ष २०८२/८३ मा कानूनको उत्तरविधायिकी परीक्षणको शुरुवात गरेको विषय सकारात्मक रहे तापनि कार्यपालिकाले नभई प्रदेश सभा (व्यवस्थापिका) ले नै उक्त कार्यको जिम्मेवारी तथा स्वामित्व लिनुपर्ने र निष्कर्षका आधारमा कानून तर्जुमा एवम् संशोधन गर्नुपर्ने सुझाव यस अध्ययनमा सिफारिस गरिएको छ।

- **जलवायु परिवर्तन र वातावरण (जलवायु परिवर्तनका प्रभावहरु तथा संघीय र गण्डकी प्रदेश विपद् जोखिम न्यूनीकरण र वातावरणीय नीतिहरुबीचको अन्तरसम्बन्ध):** यस अध्ययनमा गण्डकी प्रदेशका सन्दर्भमा जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा वातावरणीय व्यवस्थापन सम्बन्धी सङ्घीय र प्रदेशस्तरीय नीतिको अध्ययन तथा विश्लेषण गरिएको छ। अध्ययनले गण्डकी प्रदेशमा जलवायु परिवर्तनका कारण कृषि, पर्यटन, पूर्वाधार तथा जलविद्युत् क्षेत्रमा जोखिम र क्षति निरन्तर बढ्दै गएको दर्शाएको देखिन्छ। सङ्घीय तथा प्रदेश नीतिले जलवायु परिवर्तन, वातावरण संरक्षण र विपद् व्यवस्थापनलाई परस्पर सम्बन्धित विषयका रुपमा स्वीकार गरे तापनि उक्त नीतिहरुको प्रभावकारी कार्यान्वयनमा

संस्थागत समन्वय, वित्तीय स्रोत, प्राविधिक क्षमता तथा नीति र कार्यक्रमबिचको तादात्म्यतामा उल्लेखनीय चुनौती विद्यमान् रहेको विषय अध्ययनमा उजागर गरिएको छ। अध्ययनले जलवायु परिवर्तन अनुकूलन, जोखिम-संवेदनशील विकास योजना, पूर्व सूचना प्रणाली, जलवायुमैत्री कृषि तथा प्राकृतिक स्रोत संरक्षणलाई दिगो विकासका प्रमुख आधारका रुपमा पहिचान गर्नुका साथै एकीकृत जलवायु, वातावरण तथा विपद् व्यवस्थापन संयन्त्र स्थापन, प्रदेशस्तरीय जलवायु रणनीति तर्जुमा तथा कार्यान्वयन, स्रोत सुनिश्चितता तथा स्थानीय तहको क्षमता विकासको आवश्यकता सिफारिस गरेको छ।

- **आन्तरिक राजस्व (प्रदेशको आन्तरिक राजस्वको वर्तमान अवस्था, सम्भावना तथा चुनौतीको अध्ययन):** यस अध्ययनको मुख्य उद्देश्य गण्डकी प्रदेशको आन्तरिक राजस्वको संरचना, प्रवृत्ति, सम्भावना र समस्याको विश्लेषण गरी राजस्व वृद्धि तथा वित्तीय आत्मनिर्भरता हासिल गर्न आवश्यक रणनीति र नीतिगत सुझाव तयार गर्नु रहेको देखिन्छ। अध्ययनमा प्रदेश सरकारले आन्तरिक राजस्व बलियो र दीर्घकालीन बनाउनका लागि प्रदेश क्षेत्राधिकारमा रहेका स्रोतको पूर्ण रुपमा प्रयोग गर्नुपर्ने, तहगत सरकारको क्षेत्राधिकारको स्पष्टता हुनुपर्ने, कृषि र पर्यटनको एकीकृत तथ्याङ्क र रेकर्ड व्यवस्थापनका लागि प्रभावकारी डिजिटल प्रणाली बनाउनुपर्ने, कृषिजन्य व्यवसायबाट उठ्ने करलाई कृषि वर्गमा राख्ने प्रबन्ध मिलाउने लगायतका सिफारिस गरिएको छ।

- **सामाजिक समावेशीकरण (दलित महिला समुदायको स्थानीय तह नेतृत्वमा सहभागिताको अवस्था अध्ययन):** दलित महिलाको स्थानीय तहको नेतृत्वमा सहभागिताको अवस्था, प्रतिनिधित्वको अवस्था तथा सुधारका लागि नीतिगत सुझाव प्रस्तुत गर्ने उद्देश्यका साथ यो अध्ययन गरिएको देखिन्छ। अध्ययनले स्थानीय तहमा दलित महिलाको सङ्ख्यात्मक प्रतिनिधित्व सुनिश्चित भए तापनि उनीहरुको सहभागिता औपचारिक तथा प्रतीकात्मक रहेको, अधिकांश वडामा दलित महिला जनप्रतिनिधित्वको उपस्थिति रहे तापनि नीति निर्माण, योजना छनोट, बजेट विनियोजन तथा निर्णय प्रक्रियामा उनीहरुको प्रभावकारी भूमिका सीमित रहेको दर्शाएको छ। जातीय विभेद, पितृसत्तात्मक सामाजिक संरचना, आर्थिक निर्भरता, न्यून शैक्षिक अवसर, सीमित राजनीतिक पहुँच तथा नेतृत्व विकासका अवसरको अभाव दलित महिलाको प्रभावकारी सहभागिताका प्रमुख बाधक तत्वका रुपमा देखिएका छन्। अध्ययनका निष्कर्षको आधारमा दलित महिलाको क्षमता विकास तथा नेतृत्व अभिवृद्धि, आर्थिक सशक्तिकरणमा केन्द्रित कार्यक्रम, सूचना पहुँच तथा सञ्चार प्रणाली सुदृढीकरण, समावेशी

बजेट तथा योजना कार्यान्वयन, संस्थागत समन्वय र अनुगमन, तथ्याङ्क व्यवस्थापन सुधार, सामाजिक चेतना र विभेद न्यूनीकरण, राजनीतिक पहुँच र अर्थपूर्ण सहभागिता विस्तार लगायतका सुझाव सिफारिस गरिएको छ।

नमुना आयोजना (Pilot Project) को रुपमा शुरूवात गरिएको यस कार्यक्रमका सकारात्मक तथा सुधारोन्मुख पक्षलाई मध्यनजर गरी चालु तथा आगामी आर्थिक वर्षहरुमा कार्यक्रम कार्यान्वयन कार्याविधि परिष्कृत गर्दै कार्यान्वयन गर्नुपर्ने देखिन्छ। कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका दुवै पक्षलाई देहायमा समेट्ने प्रयास गरिएको छ।

(क) **सकारात्मक पक्षः** यस कार्यक्रममार्फत युवा पुस्तालाई क्षेत्रगत संवैधानिक व्यवस्था, कानूनी व्यवस्था, कानून कार्यान्वयन अवस्था, सार्वजनिक प्रशासनको कार्यप्रक्रिया लगायतका विषयमा कार्य अनुभव प्राप्त भएको, स्नातक/स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरेका युवालाई आगामी अवसरका लागि प्रारम्भिक अनुभवको अवसर प्रदान भएको, प्रस्तुतीकरण, प्रतिवेदन-लेखन, कार्यालय अनुशासन सम्बन्धी प्रशिक्षण प्रदान गरेको, स्थलगत भ्रमणमार्फत सिकाईलाई थप परिष्कृत गरिएको, आय आर्जनको अनुभवमार्फत आगामी दिनमा समेत रोजगारी खोजी गर्न प्रेरित गरिएको छ।

(ख) **सुधारोन्मुख पक्षः** फेलोको कार्यानुभव अभावका कारण अध्ययनका विषयवस्तु परिपक्क रुपमा प्रस्तुत हुन नसकेका, सम्बन्धित विषयगत मन्त्रालय/निकायको आ-आफ्नो कार्य व्यस्तताका कारण फेलोलाई पर्याप्त समय प्रदान गर्न नसकिएको, जेन-जी आन्दोलन तथा निर्वाचनका कारण अध्ययन समय न्यून भएकाले अपेक्षित नतिजा प्राप्त गर्न थप प्रयास गर्नुपर्ने, अध्ययनका क्रममा रहेका फेलोले शैक्षिक परीक्षालाई समय दिनुपर्ने बाध्यताका कारण कार्यक्रमका विषयवस्तु अध्ययनका लागि पर्याप्त समय नभएको, क्षेत्र तथा उपक्षेत्रका विषय बृहत भएकाले अध्ययनका विषय र प्रदेशको प्राथमिकतामा तादात्म्यता कायम हुन नसकेको लगायतका क्षेत्रमा सुधार गरी आगामी कार्यदिशा तय गर्नुपर्ने देखिन्छ।

२.९ गण्डकी प्रदेशको वातावरणीय अवस्थाको विश्लेषण प्रतिवेदन तयार

गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०६/२४ को निर्णयानुसार संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP), नेपालको प्राविधिक सहयोग तथा गण्डकी प्रदेश नीति तथा योजना आयोगको नेतृत्वमा यो प्रतिवेदन तयार भएको हो। कानूनी तथा नीतिगत जिम्मेवारी, पारिस्थितिक महत्व, विकास दबाब र तथ्याङ्क उपलब्धतालाई आधार मानी सात विषयगत क्षेत्र (वातावरण र वायु

गुणस्तर, भ ू-उपयोग, माटो स्वास्थ्य र कृषि, वन तथा जैविक विविधता, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण, उद्योग र उर्जा, सहरी वातावरण र फोहोरमैला व्यवस्थापन, जलस्रोत र पानीको गुणस्तर, पर्यटन, बसाइँसराइ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) छनोट गरेको छ।

यस प्रतिवेदनले गण्डकी प्रदेशसँग असाधारण प्राकृतिक पूँजी र बलियो विकास सम्भावना रहे तापनि वातावरणीय प्रणाली बढ्दो दबाबमा रहेको दर्शाएको छ। जलवायु परिवर्तन, अव्यवस्थित सहरीकरण, भू-उपयोग परिवर्तन, पूर्वाधार विस्तार, कमजोर फोहोरमैला र फोहोरपानी व्यवस्थापन प्रणाली, नदी बेसिनमा बढ्दो दबाब र शासन प्रणालीका कमजोरीले दीर्घकालीन दिगोपनामा जोखिम सिर्जना गरेको देखिन्छ। यस प्रतिवेदन अनुसार प्रदेशमा वातावरणीय सूचकलाई प्रत्यक्ष रुपमा योजना, बजेट, आयोजना छनोट, अनुगमन र जवाफदेहितासँग जोड्ने एकीकृत प्रणालीको आवश्यकता रहेको देखिन्छ।

२.१० राजस्व वस्तुस्थिति अध्ययन तथा राजस्व परिचालन रणनीति तयार

गण्डकी प्रदेशको आन्तरिक राजस्व संकलनको अवस्था तथा प्रदेशको राजस्व सम्भाव्यता विश्लेषण मार्फत सुधारका रणनीति तय गर्नुपर्ने आवश्यकता मध्यनजर गरी द एशिया फाउण्डेशनको संस्थागत एवम् प्राविधिक सहयोगमा यो अध्ययन भई आयोगको मिति २०८३/०२/२९ को निर्णयानुसार अध्ययन प्रतिवेदन स्वीकृत गरिएको हो। गण्डकी प्रदेशको आर्थिक सम्भावना, राजस्व क्षमता तथा वित्तीय चुनौतीको वस्तुगत विश्लेषण गर्दै तयार गरिएको "गण्डकी प्रदेश राजस्व वस्तुस्थिति अध्ययन तथा राजस्व परिचालन रणनीति" प्रदेशको वित्तीय सुदृढीकरण, राजस्वका स्रोतको वैज्ञानिक परिचालन तथा आर्थिक सुशासन अभिवृद्धि गर्ने दिशामा एक महत्त्वपूर्ण नीतिगत उपलब्धि हो।
प्रदेश सरकारको आन्तरिक राजस्व अभिवृद्धि गर्न सरकारले अपनाउनु पर्ने क्षेत्रगत रणनीति, प्रस्तावित रणनीति कार्यान्वयनका लागि गर्नुपर्ने प्रमुख कार्य, अनुमानित समयावधि, जिम्मेवार निकाय, सहयोगी निकाय तथा अपेक्षित उपलब्धिसहित रणनीतिक कार्ययोजना प्रस्ताव गरिएकाले यस रणनीतिको कार्यान्वयन सम्भाव्यता सकारात्मक देखिन्छ। यसका साथै नीति निर्माताका लागि प्रदेश राजस्व परिचालन रणनीतिसम्बन्धी अल्पकालीन (१-२ वर्ष), मध्यमकालीन (३-५ वर्ष) र दीर्घकालीन (५-१० वर्ष) नीति सहितको नीतिगत संक्षेप-पत्र (Policy Brief) समेत समावेश गरिएको छ।
यस रणनीतिको प्रभावकारी कार्यान्वयनबाट गण्डकी प्रदेशको आन्तरिक राजस्व क्षमता अभिवृद्धि भई वित्तीय आत्मनिर्भरता, सुशासन, लगानी प्रवर्द्धन, दिगो रोजगारी, आय आर्जन र आर्थिक वृद्धि एवम्

समुन्नती हासिल गर्न सकिने भएकाले उक्त रणनीति कार्यान्वयनका लागि विषयगत मन्त्रालय तथा निकायमा प्रेषित गरिएको छ।

२.११ गण्डकी प्रदेशको जलवायु परिवर्तन तथा वित्त स्थिति पत्र तयार

गण्डकी प्रदेश जलवायु तथा भौगोलिक दृष्टिकोणले विविधता र उच्च जोखिममा रहेको छ। नवलपुर (१०० मि) देखि धौलागिरी हिमाल (८१६७ मि) उचाईसम्मका, सबैभन्दा बढी वर्षा हुने लुम्ले र कम वर्षा हुने मनाङ र मुस्ताङ जस्ता क्षेत्र पनि यसै प्रदेशमा पर्छन्। साथै, प्रदेशको ६५% जनसङ्ख्या जलवायु संवेदनशील क्षेत्रमा रहेकाले प्रदेशको जलवायु परिवर्तन तथा वित्त स्थितिसम्बन्धी आवधिक अध्ययन अत्यावश्यक रहेको देखिन्छ। यसै आवश्यकतालाई मध्यनजर गरी द एशिया फाउण्डेशनको संस्थागत एवम् प्राविधिक सहयोगमा अध्ययन भई आयोगको मिति २०८३/०२/२९ को निर्णयानुसार "गण्डकी प्रदेशको जलवायु परिवर्तन तथा वित्त स्थिति पत्रको प्रतिवेदन" स्वीकृत गरिएको हो।

गण्डकी प्रदेशमा जलवायु परिवर्तनबाट उत्पन्न जोखिम, संवेदनशीलता तथा जलवायु वित्तको विद्यमान अवस्थाको समग्र विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ। गण्डकी प्रदेशको भौगोलिक तथा पारिस्थितिक विविधता, जलवायुजन्य जोखिम, सामाजिक-आर्थिक प्रभाव, विद्यमान नीतिगत तथा संस्थागत व्यवस्था, जलवायु वित्तको अवस्था तथा सार्वजनिक खर्च प्रणालीको अध्ययन गरी जलवायु उत्थानशील तथा न्यून-कार्बन विकासका लागि रणनीतिक मार्गदर्शन प्रदान गर्ने गरी अध्ययन गरिएको छ।

अध्ययनबाट गण्डकी प्रदेशमा जलवायु परिवर्तन भविष्यको मात्र नभई वर्तमान विकासको प्रमुख चुनौतीका रूपमा स्थापित भइसकेको देखिएको छ। तापक्रम वृद्धि, अनियमित वर्षा, बाढी, पहिरो, खडेरी, हिमताल विस्फोट, हिमनदी पग्लिने क्रम तथा जलस्रोतमा आएको परिवर्तनले कृषि, पर्यटन, जलविद्युत्, पूर्वाधार, जैविक विविधता तथा जनजीवनमा प्रत्यक्ष प्रभाव पारिरहेको देखिएको छ। विशेषतः जलवायु संवेदनशील क्षेत्र तथा विपन्न, सीमान्तकृत र भौगोलिक रूपमा दुर्गम समुदायमा यसको प्रभाव बढी रहेको अध्ययनले औंल्याएको छ। विगत पाँच वर्षमा प्रदेशमा जलवायुजन्य विपद्बाट रु. ३३.६८ अर्बभन्दा बढी क्षति भएको तथ्यसमेत अध्ययनमा उल्लेख गरिएको छ।

अध्ययनले प्रदेशको जलवायु वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन पाँच रणनीतिक स्तम्भ प्रस्ताव गरेको छः

(१) जलवायु उत्थानशील विकास तथा अनुकूलन,

(२) न्यून-कार्बन तथा जलवायु स्मार्ट विकास,
(३) जलवायु शासन तथा संस्थागत सुदृढीकरण,
(४) जलवायु वित्त परिचालन तथा व्यवस्थापन, र
(५) ज्ञान, तथ्याङ्क व्यवस्थापन तथा जवाफदेहिता।

यसबाट जलवायु वित्तलाई छुट्टै परियोजना वा बाह्य स्रोतमा मात्र निर्भर विषयका रूपमा नभई विकास योजना, सार्वजनिक वित्त व्यवस्थापन तथा अन्तरसरकारी समन्वयको अभिन्न अंगका रूपमा स्थापित गर्ने आधार तयार भएको छ।

त्यसैगरी, जलवायु वित्त परिचालनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतको पहिचान, परियोजना तयारी तथा प्राथमिकता निर्धारण, Climate Budget Tagging तथा खर्च अनुगमन, स्थानीय तहमा जलवायु कार्यका लागि प्रोत्साहन, निजी क्षेत्र तथा मिश्रित वित्त (Blended Finance) को उपयोग र अन्तर्राष्ट्रिय जलवायु कोषमा पहुँच विस्तार गर्नुपर्ने विषय उल्लेख गरिएका छन्। नेपालमा उपलब्ध १७ वटा सम्भावित अन्तर्राष्ट्रिय जलवायु वित्त स्रोतको समेत अध्ययन गरी प्रदेशका लागि सम्भावित वित्तीय अवसर पहिचान गरिएका छन्।

रणनीति कार्यान्वयनका लागि अल्पकालीन अवधि (१-३ वर्ष), मध्यमकालीन अवधि (४-७ वर्ष) र दीर्घकालीन अवधि (८-१५ वर्ष) गरी चरणबद्ध कार्ययोजना प्रस्ताव गरिएको छ। समग्रमा, उक्त अध्ययनले गण्डकी प्रदेशको जलवायु जोखिम तथा वित्तीय आवश्यकताको आधाररेखा (Baseline) तयार गर्नुका साथै जलवायु परिवर्तनलाई प्रदेशको नीति, योजना, बजेट, सार्वजनिक वित्त व्यवस्थापन र लगानी प्रक्रियामा मूलप्रवाहीकरण गर्न रणनीतिक आधार प्रदान गरेको छ। यसले प्रदेश सरकारलाई जलवायु जोखिम न्यूनीकरण, जलवायु वित्तको प्रभावकारी परिचालन तथा व्यवस्थापन, स्थानीय तहसँगको समन्वय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच विस्तारका लागि स्पष्ट दिशानिर्देश प्रदान गरेको छ।

२.१२ समपूरक तथा विशेष अनुदानबाट सञ्चालित आयोजनाको प्रभाव मूल्याङ्कन

"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १० को उपदफा (१२) बमोजिम आयोगका उपाध्यक्षको संयोजकत्वमा रहेको समितिबाट विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम छनोट गरी सिफारिस सहित आर्थिक मामिला मन्त्रालयमा सिफारिस गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। आयोगको गठन आदेश बमोजिम प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने गराउने कार्य आयोगको प्रमुख जिम्मेवारी भएकाले

अन्तरसरकारी वित्त हस्तान्तरण अन्तर्गतका समपूरक तथा विशेष अनुदानका आयोजनाको प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन गरिएको हो।

संघीयता कार्यान्वयनमा प्रत्येक तहको सक्रियताका साथै, तहगत सरकारको समन्वय तथा सहकार्य पनि उत्तिकै महत्वपूर्ण रहेको हुन्छ। वित्तीय संघीयतामा यस समन्वय र सहकार्यको आधार नै अन्तरसरकारी वित्त हस्तान्तरण भएकाले वित्त हस्तान्तरणको व्यवस्था, अवस्था, नतिजा तथा प्रभाव मूल्याङ्कनका आधारमा प्रदेश सरकारको नीति तथा योजना तर्जुमा एवम् संशोधन गर्न सकेमा वित्तीय संघीयताको सुदृढीकरणका साथै तथ्यमा आधारित नीति निर्माणको राष्ट्रिय लक्ष्य हासिल समेत हासिल गर्न सकिन्छ।

यस अध्ययनले समपूरक तथा विशेष अनुदान कार्यक्रम गण्डकी प्रदेशमा स्थानीय पूर्वाधार विकास, सार्वजनिक सेवा विस्तार तथा वित्तीय संघीयताको कार्यान्वयनमा महत्वपूर्ण माध्यमका रूपमा स्थापित भएको निष्कर्ष निकालेको छ। तथापि, आयोजना छनोटको गुणस्तर, कार्यान्वयन क्षमता, परिणाममा आधारित अनुगमन, क्षेत्रगत सन्तुलन तथा आयोजना दिगोपनामा सुधार आवश्यक रहेको देखिएको छ। अध्ययनमा प्रस्तुत निष्कर्ष तथा सिफारिस कार्यान्वयन गर्न सकेमा समपूरक तथा विशेष अनुदानलाई अझ प्रभावकारी, उत्तरदायी तथा परिणाममुखी बनाई प्रदेशको समग्र विकासमा दीर्घकालीन योगदान पुऱ्याउन सकिने अपेक्षा समेत गरिएको छ।

२.१३ उत्पादनमूलक उद्योगको उत्पादकत्व अध्ययन प्रतिवेदन

गण्डकी प्रदेशका उत्पादनमूलक उद्योगको उत्पादकत्व विश्लेषण गर्ने, उत्पादकत्वलाई असर गर्ने कारक पहिचान गर्ने उद्देश्य सहित गण्डकी प्रदेशको उत्पादनमूलक उद्योगको उत्पादकत्व अनुमान सम्बन्धी अध्ययन गरिएको हो। राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०७६ बाट सङ्कलन गरेको कोरा तथ्याङ्क तथा अन्य प्रकाशित तथ्याङ्क प्रयोग गरी तथ्याङ्कको प्रकृतिका आधारमा उपयुक्त तथ्याङ्कीय विधि पहिचान गरी अध्ययन गरिएको छ। गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले तय गरेका लक्ष्य हासिल गर्न यस अध्ययनले सार्थक भूमिका खेल्न सक्नेछ।

अध्ययनको निष्कर्ष अनुसार गण्डकी प्रदेशका उत्पादनमूलक उद्योगको उत्पादनमा श्रम र पूँजीलाई समान अनुपातमा वृद्धि गर्दा उत्पादन भने सो अनुपातभन्दा कम दर (Decreasing Return to Scale) ले वृद्धि भएको देखिएको छ। उदाहरणका लागि श्रम र पूँजी दुवैलाई दुई गुणा बढाउँदा उत्पादन दुई गुणाभन्दा कमले मात्र बढेको देखिन्छ। तथ्याङ्कीय विश्लेषण अनुसार उत्पादनमा श्रमिकको योगदान सार्थक नरहेको (Statistical Insignificant) र पूँजीको योगदान सार्थक रहेको (Statistical Significance) देखिन्छ। तथापी त्यसबाट अपेक्षित प्रतिफल भने प्राप्त नभएको (१%

पूँजी बढाउँदा १% भन्दा कम मात्र उत्पादन बढेको) पाइएको छ। साना उद्योगको उत्पादकत्व (दश जना भन्दा कम कामदार भएको) तथ्याङ्किय दृष्टिकोणले ठूला उद्योगको भन्दा (दश जना भन्दा बढी कामदार भएको) बढी रहेको पाइएको छ। प्रविधिको प्रयोगले उत्पादनमा महत्वपूर्ण योगदान दिएको पाइयो। साना उद्योग सञ्चालनका लागि प्रदेश सरकारद्वारा सरलीकृत प्रावधान ल्याउन उपयुक्त देखिएको, उत्पादन क्षेत्रका कामदारको क्षमता विकास गरी उत्पादनमा श्रमिकको योगदान बढाउने तथा नवीनतम प्रविधि प्रयोगमा जोड दिने उद्योगलाई प्रोत्साहन हुने नीति अवलम्बन गर्ने जस्ता सुझाव यस अध्ययनबाट प्राप्त भएको छ।

२.१४ आयोगबाट सम्पादित अन्य कार्य

- आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२ तर्जुमा गरी चालु आर्थिक वर्षमा उक्त कार्यक्रम कार्यान्वयन गर्ने कानूनी आधार तयार गरिएको,
- दोस्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) कार्यान्वयन योजना स्वीकृत गरी दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनलाई मार्गदर्शन प्रदान गरिएको,
- गण्डकी प्रदेश विकास मार्गचित्रको अनुगमन तथा मूल्याङ्कन योजना स्वीकृत गरी योजनाबद्ध एवम् दीर्घकालीन अनुगमन तथा मूल्याङ्कन प्रद्धति स्थापना गरिएको,
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आर्थिक वर्ष २०८३/८४ को प्रदेश नीति तथा कार्यक्रमको मस्यौदा प्राप्त गरी मन्त्रालयगत छलफलमार्फत अन्तिम मस्यौदा तयार गरी पेस गरिएको,
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ बमोजिम आर्थिक वर्ष २०८३/८४ को मन्त्रालयगत वार्षिक विकास कार्यक्रमउपर नीतिगत तथा कार्यक्रमगत छलफल गरी प्रस्तावित नीति तथा कार्यक्रमसँग तादात्म्यता हासिल हुनेगरी कार्यक्रम प्रस्ताव गर्न अनुरोध गरेको,
- आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षणको प्रतिवेदनउपर छलफल गर्दा असुल उपर तथा नियमित गर्नुपर्ने बेरुजु नरहेको र सैद्धान्तिक बेरुजुउपर विस्तृत छलफल गरी प्रदेश सार्वजनिक लेखा समितिसमक्ष आगामी कार्यदिशा प्रस्तुत गरेको,
- तथ्याङ्क विधेयक तथा अनुगमन मूल्याङ्कन विधेयकको अवधारणापत्र तयार गरी आर्थिक मामिला मन्त्रालयको सहमतिसहित सैद्धान्तिक सहमतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरी प्रदेश सरकारबाट सैद्धान्तिक सहमति प्राप्त भएको,

- २०८२, भदौ २३ र २४ गतेको आन्दोलनमा नेपाल प्रहरीको समन्वयमा घटनास्थल मुचुल्का, क्षतिको विस्तृत मूल्याङ्कन, नेपाल प्रहरीमा उजुरी, कार्यालय सरसफाई तथा मर्मत गरी कार्य सञ्चालन नियमित गरिएको,
- गण्डकी प्रदेशमा पाल्नुभएका कोशी प्रदेश, मधेश प्रदेश र सुदुरपश्चिम प्रदेशका प्रदेश नीति तथा योजना आयोग एवम् अन्य निकायका पदाधिकारी तथा कर्मचारीसँग अन्तरप्रदेश अनुभव आदान-प्रदानका कार्यक्रम गरिएको,
- श्रम, रोजगार तथा सामाजिक सुरक्षाको क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रको संयुक्त प्रयासमा बेरोजगारी र सामाजिक सुरक्षा बहुसंकट सम्बोधन गर्ने उद्देश्यले राष्ट्रिय योजना आयोगको नेतृत्वमा राष्ट्रिय मार्गचित्र निर्माण तयारीका सन्दर्भमा प्रदेशस्तरमा श्रम, रोजगार, सामाजिक सुरक्षा, सीप विकास तथा जलवायु परिवर्तन जस्ता अन्तरसम्बन्धित विषयका प्रमुख प्राथमिकता, अवसर र चुनौतीका विषयमा छलफल र विचार विमर्श गर्ने उद्देश्यका साथ कार्यशाला गोष्ठी सञ्चालन गरिएको,
- नेपाल सरकारबाट स्वीकृत बहुक्षेत्रीय पोषण योजना-तेस्रो (२०८०/८१-२०८७/८८) मा खाद्य प्रणाली सुधारका लागि बजारीकरण तथा प्याकेजिङ गरिएका खाद्यवस्तुको अग्रभागमा लेबलिङ गर्न राष्ट्रिय योजना आयोग एवम् खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सहकार्यमा राष्ट्रिय रणनीतिक कार्ययोजना (National Strategic Action Plan for Food and Nutrition Labelling) तर्जुमा सम्बन्धमा प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालनमा सहजीकरण गरिएको,
- नेपाल पानी सदुपयोग फाउण्डेसन (Nepal Water Conservation Foundation-NWCF) र द एशिया फाउन्डेसनसँगको सहकार्यमा "प्रदेशस्तरीय जलवायुमैत्री पानी व्यवस्थापन सम्बन्धी नीति संवाद कार्यक्रम" सञ्चालन गरिएको छ।

परिच्छेद तीनः विकास व्यवस्थापनका वर्तमान अवस्था, समस्या, चुनौती र आगामी कार्यदिशा

३.१ विद्यमान अवस्था

नेपालमा योजनाबद्ध विकासका क्रममा हालसम्म पन्ध्रवटा आवधिक योजना निर्माण भई कार्यान्वयन भएका छन् भने हाल दीर्घकालीन लक्ष्य सहित सोह्रौं योजना कार्यान्वयनमा रहेको छ। गण्डकी प्रदेशमा पनि दोस्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) कार्यान्वयनको चरणमा रहेको छ।

सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्यलाई आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेटमार्फत आन्तरिकीकरण तथा स्थानीयकरण गर्ने प्रयास गरिएको छ। आयोगले तर्जुमा भएका नीति, योजना तथा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन, अध्ययन तथा विश्लेषणमार्फत योजना कार्यान्वयनमा पृष्ठपोषण उपलब्ध गराउँदै आएको छ। विकास प्रयासका फलस्वरुप गरिबीको रेखामुनी रहेको जनसङ्ख्या घट्दै गएको, सूचना प्रविधि, सडक, सिँचाई जस्ता पूर्वाधार विकास एवम् विस्तार भएको, पर्यटन, कृषि उत्पादन, स्वास्थ्य सेवा, शैक्षिक गुणस्तर लगायतका आर्थिक सामाजिक परिसूचकमा क्रमशः सुधार भएको, जलवायु परिवर्तन नियन्त्रण र विपद् व्यवस्थापनको आवश्यकता पहिचान भई आयोजनामा मूलप्रवाहीकरण भएको, साधन र स्रोतको बाँडफाँट तुलनात्मक रुपमा न्यायोचित हुँदै गएको र सेवा प्रवाहमा नागरिकको पहुँच सहज हुँदै विस्तार भएको देखिन्छ।

प्रदेशमा विकास व्यवस्थापनका लागि नीतिगत, कानुनी तथा संस्थागत आधार सुदृढ हुँदै आएका छन्। विकास योजनाका लक्ष्य, उद्देश्य तथा रणनीतिलाई वार्षिक बजेटमार्फत कार्यान्वयनयोग्य बनाउने उद्देश्यले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने अभ्यास स्थापित भएको छ। साथै, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तर्जुमा र कार्यान्वयनलाई व्यवस्थित गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ कार्यान्वयनमा रहेका छन्। तथापि, प्रदेशको आर्थिक तथा सामाजिक रूपान्तरण, पूर्वाधार विकास र सेवा प्रवाहमा अपेक्षित परिणाम हासिल गर्न आगामी दिनमा योजना, बजेट, कार्यान्वयन तथा अनुगमन प्रणालीबीच थप प्रभावकारी एकीकरण आवश्यक देखिन्छ।

३.२ विकास व्यवस्थापनका लागि गरिएका प्रयास

- प्रदेश र स्थानीय तहको विकास अवस्था र प्राथमिकता बमोजिम दीर्घकालीन सोचसहित आवधिक योजना तर्जुमा, आयोजना तथा कार्यक्रम पहिचान, छनौट र कार्यान्वयन पद्धति विकास भएको छ।
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गर्ने प्रयास गरिएको छ।
- प्रदेशको आवधिक योजना तथा स्थानीय तहको आवधिक योजनाबीच सामञ्जस्यता कायम गर्न कानूनी प्रबन्धसहित योजना निर्माणमा आर्थिक एवम् प्राविधिक साझेदारी गर्ने अवधारणा कार्यान्वयनमा ल्याइएको छ।
- दिगो विकासका लक्ष्य, राष्ट्रिय विकास लक्ष्य तथा दीर्घकालीन सोचसँग सामञ्जस्यता हुनेगरी दोस्रो पञ्चवर्षीय योजना तर्जुमा भई कार्यान्वयन भइरहेको हुँदा क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको आधार तयार भएको छ।
- चालु आर्थिक वर्षको यथार्थ विनियोजन तथा बाँकी दुई वर्षको खर्च प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचनाले आगामी दुई वर्षमा बजेट विनियोजन र स्रोत सुनिश्चित गर्नुपर्ने क्षेत्र पहिचान हुने पद्धति विकास भएको छ।
- आयोग र प्रदेश मन्त्रालयबीच निरन्तर छलफल तथा अन्तर्क्रिया कार्यक्रम मार्फत अन्तर निकाय समन्वय कायम गर्ने प्रयास गरिएको छ।
- विषयगत मन्त्रालय तथा निकायका क्षेत्रगत नीतिमा आयोगका तर्फबाट छलफलमा सहभागी भई राय सुझाव उपलब्ध गराइएको छ।
- विभिन्न मन्त्रालयमा निश्चित आधार र मापदण्डका आधारमा बहुवर्षीय आयोजनाको ठेक्का र नयाँ आयोजनाका सम्बन्धमा सहमति प्रदान गरी स्रोत सुनिश्चितता मार्फत प्रभावकारी आयोजना कार्यान्वयन हुने अपेक्षा गरिएको छ।
- विकास व्यवस्थापनका समस्या प्रदेशस्तरीय विकास समस्या समाधान समितिमा छलफल गरी समाधानको प्रयास गरिएको छ।
- दोस्रो पञ्चवर्षीय योजनामा प्रादेशिक विकास तथा रुपान्तरणका प्रमुख क्षेत्र पहिचान गरी क्षेत्रगत प्रमुख हस्तक्षेपकारी कार्यक्रम तय गरिएको हुँदा आवधिक योजना अनुरूप वार्षिक विकास कार्यक्रम तर्जुमा गर्न मार्गदर्शन प्रदान गरिएको छ।

- मन्त्रालय तथा निकायगत छलफल गरी दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयन योजना तयार गरी विकास आयोजना तय गर्न दिशानिर्देश गरिएको छ।

३.३ आयोगले सामना गरेका समस्या तथा चुनौती

- आयोजना बैंक प्रणालीको प्रभावकारी कार्यान्वयनमा पर्याप्त प्रतिबद्धताको कमी हुनु,
- विकास नीति तथा योजना तर्जुमाका लागि आवश्यक खण्डीकृत तथा एकीकृत तथ्याङ्कको गुणस्तर, उपलब्धता र समयबद्धतामा कमी हुनु,
- अनुगमन तथा मूल्याङ्कनका क्रममा अन्तरनिकाय समन्वय तथा सूचना आदान-प्रदान पर्याप्त नहुनु,
- राष्ट्रिय तथा प्रादेशिक विकास लक्ष्यसँग सामाञ्जस्यता कायम हुने गरी स्थानीय आवधिक योजना तर्जुमाको मार्गदर्शन पूर्णरुपमा कार्यान्वयन हुन नसक्नु,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई आयोजना सुधारमा प्रभावकारी रूपमा उपयोग गर्ने प्रणाली कमजोर हुँदा आयोजना समयमा सम्पन्न नहुने, लागत वृद्धि हुने तथा अपेक्षित नतिजा हासिल नहुनु लगायतका समस्या विद्यमान रहेका छन्।

३.४ आगामी कार्यदिशा

गण्डकी प्रदेश नीति तथा योजना आयोगले आगामी समयमा देहाय बमोजिम कार्यदिशा तय गरी थप क्रियाशिल हुनुपर्ने देखिन्छः

- गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले तय गरेका प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्रअनुरूप वार्षिक विकास आयोजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा प्राथमिकता दिने,
- वार्षिक विकास आयोजना तथा कार्यक्रम तर्जुमामा आयोजना बैंकलाई अनिवार्य रूपमा स्थापित गरी पूर्वतयारी सम्पन्न तथा प्राथमिकताप्राप्त आयोजना मात्र क्रमशः कार्यान्वयन गर्ने,
- प्रादेशिक तथ्याङ्क प्रणाली व्यवस्थित गर्न उपयुक्त कानून मार्फत् खण्डीकृत तथा एकीकृत तथ्याङ्क प्राप्त गर्ने पद्धति विकास गर्ने,
- अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गर्नका लागि कानून तर्जुमा गर्न सहजीकरण गर्ने,
- मध्यमकालीन खर्च संरचना बमोजिम स्वचालित प्रणाली विकास गरी आवधिक योजना र बजेटबिचको तादात्म्यता हासिल गर्ने,

- सरोकारवाला निकाय, स्थानीय तह र नागरिक समाजको सहभागितामा कानूनी व्यवस्थासहित विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कनलाई तिव्रता दिने,
- बहुवर्षीय तथा ठूला प्रकृतिका आयोजनाको प्रभाव मूल्याङ्कनलाई संस्थागत गरी त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा आयोजना तथा कार्यक्रम सुधार गर्ने,
- विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग नीति अनुसन्धान तथा ज्ञान साझेदारीमा सहकार्य विस्तार गर्ने,
- प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुनेगरी छनौट भई विशेष तथा समपूरक अनुदान अन्तर्गत विनियोजन भएका आयोजना तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि पर्याप्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली विकास गर्ने,
- आयोगलाई प्रदेश सरकारको प्रमुख नीति अनुसन्धान तथा Policy Think Tank संस्थाका रूपमा क्रमशः सुदृढ गर्ने,
- प्रादेशिक विकास व्यवस्थापनका क्षेत्रमा अध्ययन, अनुसन्धान तथा प्रमाणमा आधारित नीति निर्माणको विशिष्ट संस्थाका रूपमा आयोगको क्षमता विकास गर्ने।

३.५ योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधार

- भौतिक पूर्वाधारसँगै आर्थिक तथा सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने बृहत् तथा रणनीतिक आयोजनाको पहिचान र तयारीका लागि पर्याप्त स्रोत तथा संस्थागत क्षमता सुनिश्चित गर्ने,
- आवधिक योजनाका प्राथमिकताअनुरूप आयोजना तथा कार्यक्रम छनोट गर्ने प्रणालीलाई संस्थागत गर्ने र कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रममा मात्र बजेट विनियोजन गर्ने,
- तीन तहका सरकारबीचको कार्यविभाजन तथा आयोजना वर्गीकरणसम्बन्धी मापदण्डलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने,
- बहुवर्षीय स्रोत सुनिश्चिततासम्बन्धी मापदण्डलाई समयानुकूल परिमार्जन गरी प्रदेश सरकारमा सिर्जना हुने दायित्व स्पष्ट भएपछि मात्र नयाँ बहुवर्षीय आयोजना स्वीकृत गर्ने,
- पूर्वतयारी सम्पन्न भई आयोजना बैंकमा समावेश भएका आयोजनालाई प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने,
- विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनलाई बजेट व्यवस्थापनका प्रमुख आधार बनाउने,

- कार्यान्वयनमा रहेका आयोजनाको आवश्यक स्रोत सुनिश्चित गरेपछि मात्र उपलब्ध स्रोतको आधारमा नयाँ आयोजना थप गर्ने पद्धति विकास गर्ने,
- आयोजना कार्यान्वयनका लागि आवश्यक प्राविधिक जनशक्ति सुनिश्चित गर्ने तथा प्राविधिक कर्मचारीको स्थायित्व, स्रोत-साधन र कार्य वातावरणमा पर्याप्त ध्यान दिने,
- नीति तथा कार्यक्रमको नियमित समीक्षा तथा प्रभाव मूल्याङ्कन गर्ने र प्रमाणका आधारमा मात्र कार्यक्रमलाई निरन्तरता दिने,
- आयोजनाको प्राविधिक परीक्षण तथा गुणस्तर सुनिश्चितता प्रणालीलाई थप सुदृढ गर्ने,
- प्रदेश विकास समस्या समाधान समितिका निर्णय कार्यान्वयनमा प्राथमिकता दिने।

अनुसूची - १: आयोगको संगठन संरचना

गण्डकी प्रदेश नीति तथा योजना आयोगको सांगठनिक ढाँचा, २०८२



अनुसूची - २ः प्रदेश विकास समस्या समाधान समितिको स्वरुप

प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७७ अनुसार

(क)	मुख्यमन्त्री	-अध्यक्ष
(ख)	प्रदेश सरकारका मन्त्री	-सदस्य
(ग)	उपाध्यक्ष प्रदेश नीति तथा योजना आयोग	-सदस्य
(घ)	प्रदेश नीति तथा योजना आयोगका सदस्य	-सदस्य
(ङ)	प्रमुख सचिव प्रदेश सरकार	-सदस्य
(च)	जिल्ला समन्वय महासंघ, गण्डकी प्रदेशका अध्यक्ष	-सदस्य
(छ)	नेपाल नगरपालिका संघ, गण्डकी प्रदेशका अध्यक्ष	-सदस्य
(ज)	गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष	-सदस्य
(झ)	आर्थिक मामिला मन्त्रालयका सचिव	-सदस्य
(ञ)	प्रदेश सरकारले तोकेका प्रदेश भित्रका स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष मध्ये नौ जना -	-सदस्य
(ट)	गण्डकी प्रदेश नीति तथा योजना आयोगका सचिव	-सदस्य सचिव

प्रदेश विकास समस्या समाधान समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट सञ्चालित कार्यक्रम वा आयोजना कार्यान्वयनको अवस्था र प्रगति बारे चौमासिक र वार्षिक समीक्षा गर्ने,

२. कार्यक्रम वा आयोजनाको कार्यान्वयन तहमा भएका अन्तर-मन्त्रालयगत, नीतिगत एवम् कानूनी विषयमा देखिएका समस्याको समाधान गर्ने,

३. कार्यक्रम वा आयोजना कार्यान्वयनमा देखिएका समस्याको अध्ययन तथा मूल्याङ्कन गराई उचित समाधान गर्ने,

४. प्रदेशभित्र रहेका स्थानीय तहलाई प्रदान गरिएका विभिन्न प्रकारका अनुदान (सशर्त, समपूरक, विशेष) को उपयोग र सोको नतिजाको प्रगति समीक्षा गर्ने,

५. स्थानीय तहमा गरिने अनुगमन तथा मूल्याङ्कन कार्यको समन्वय गर्ने,

६. प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका राष्ट्रियस्तरका समस्याको समाधानका लागि उपयुक्त उपाय सहितको प्रस्ताव राष्ट्रिय विकास समस्या समाधान समितिमा लैजाने,

अनुसूची - ३: प्रदेश स्रोत अनुमान समितिको संरचना

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ११ अनुसार

(क)	उपाध्यक्ष, आयोग	संयोजक
(ख)	सदस्य (समष्टिगत आर्थिक क्षेत्र हेर्ने), आयोग	सदस्य
(ग)	सचिव, आर्थिक मामिला मन्त्रालय	सदस्य
(घ)	प्रमुख, नेपाल राष्ट्र बैंक पोखरा शाखा	सदस्य
(ङ)	प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय	सदस्य
(च)	प्रदेश सचिव, आयोग	सदस्य-सचिव

प्रदेश स्रोत अनुमान समितिको समितिको काम, कर्तव्य र अधिकार

(क) प्रदेशको खर्च, राजस्व, नेपाल सरकारबाट प्राप्त हुने अनुदान र बजेट कार्यान्वयनको समीक्षा गरी उपलब्ध हुन सक्ने स्रोतको आँकलन गर्ने,

(ख) आवधिक योजना, मध्यमकालीन खर्च संरचना र प्रदेश सरकारको नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको खर्चको आवश्यकता आँकलन गर्ने,

(ग) सम्भावय आर्थिक वृद्धि, राजस्व र अन्य स्रोत परिचालनको परिदृश्य, समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्वको स्थिति र बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको विश्लेषण गर्ने,

(घ) प्रदेशको समग्र आर्थिक अवस्थाको विश्लेषण गर्ने,

(ङ) स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गरी सो समेतको आधारमा मध्यमकालीन समष्टिगत वित्त खाका तयार गर्ने,

(च) कुल खर्चको सीमा भित्र प्रदेश मन्त्रालयगत खर्चको सीमा बाँडफाँट गर्दा प्रदेश सरकारको प्रतिवद्धता, प्राथमिकता, नागरिकको जीवनस्थरमा सुधार तथा रोजगारीमा वृद्धि, गरिबीको न्युनीकरणतर्फ बढी स्रोत सुनिश्चित गर्ने,

(छ) प्रदेश स्रोत अनुमान तथा खर्च सीमा निर्धारण सम्बन्धी प्रतिवेदन तयार गरी आर्थिक मामिला मन्त्रालयमा पठाउने।

अनुसूची - ४: प्रदेश विकास समस्या समाधान समितिको बैंठकका निर्णय

प्रदेश विकास समस्या समाधान समितिको चौधौं बैठकका निर्णय (मितिः २०८२/१२/२६)

सि.नं	समस्या	निर्णय	जिम्मेवार निकाय	सहयोगी निकाय
१	प्रदेश सरकारको अधिकारक्षेत्र अन्तर्गतको पदमार्ग, प्याराग्लाईडीङ, केबलकार, बन्जिजम्प, जिपफ्लायर, र्‍याफ्टीङ, मोटरबोट, तालतलैया लगातयका क्षेत्रमा पर्यटन शुल्क सङ्कलन गर्न नसकिएको।	पर्यटन शुल्क प्रदेश र स्थानीय तहको साझा अधिकारको विषय रहेको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गण्डकी प्रदेश आर्थिक ऐन, २०८२ बमोजिम पर्यटन शुल्क सङ्कलन एवम् बाँडफाँटको नीतिगत व्यवस्था गर्ने।	उद्योग तथा पर्यटन मन्त्रालय	आर्थिक मामिला मन्त्रालय
२	गण्डकी प्रदेश आर्थिक ऐन, २०८२ को दफा ८ को उपदफा (२) मा ढुंगा, गिटी बालुवाको प्रशोधन सम्वन्धी उद्योग दर्ता र नविकरण गर्न पर्यटन तथा उद्योग कार्यालयहरुलाई जिम्मेवारी तोकिएकोमा सो व्यवस्था औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४ को उपदफा (१) मा उद्योग विभागले अनुमति दिने व्यवस्था रहेको हुँदा सो व्यवस्था गण्डकी प्रदेश आर्थिक ऐन, २०८२ सँग बाझिएको, ढुङ्गा गिटी बालुवा उत्खनन, प्रशोधन गर्ने उद्योग अनुमति लिनुपर्ने उद्योगमा रहेको र यसको कार्यक्षेत्र नेपाल सरकारमा रहेको हुँदा प्रदेश सरकारबाट कार्यान्वयनमा समस्या देखिएको ।	औद्योगिक व्यवसाय ऐन, २०७६ मा समावेश ढुङ्गा, गिटी बालुवाको प्रशोधन सम्वन्धी उद्योग दर्ताका लागि उद्योग विभागले अनुमति दिनुपर्ने कानूनी व्यवस्था हुनुको कारण विश्लेषण गरी कानून बाझिएको हकमा संशोधन हुनुपर्ने कानूनी व्यवस्था पहिचान गरी आगामी बैठकमा पेश गर्ने।	उद्योग तथा पर्यटन मन्त्रालय	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय
३	प्रदेश विकास समस्या समाधान समितिका विगतका निर्णय विश्लेषण गर्दा निर्णयको सान्दर्भिकता, उपयुक्तता, कार्यान्वयनयोग्यताका विषयमा प्रश्न खडा भएको र जिम्मेवार निकायबाट समेत निर्णय कार्यान्वयन अवस्था समेत यकिन हुन नसकेको।	प्रदेश विकास समस्या समाधान समितिमा समस्या र समाधानका उपाय प्रस्ताव गर्दा समस्याको पहिचान, विश्लेषण, कानूनी व्यवस्था, संशोधन गर्नुपर्ने कानूनी व्यवस्था (तीन महलसहित), स्पष्ट समाधानका उपाय, उपाय विश्लेषण लगायतका विषय वस्तु समेटी प्रत्येक समस्या र समाधानको अवधारणा पत्रसहित प्रस्ताव गर्ने। साथै, संस्थागत स्मृति सुदृढ बनाउन के कस्ता उपाय	सबै मन्त्रालय/निकाय	

		अपनाउन सकिन्छ भन्ने विषयमा निकायगत धारणा आगामी बैठकमा प्रस्तुत गर्ने।		
४	प्रदेश सरकारका विभिन्न निकायबाट हुने अध्ययन/परामर्शको लागत अनुमान तयार गर्दा नेपाल सरकारका विभिन्न मन्त्रालयबाट विभिन्न आर्थिक वर्षमा स्वीकृत मापदण्डका आधारमा गर्नुपर्दा एकरुपता कायम हुन नसकेको।	प्रदेश सरकारका विभिन्न निकायबाट हुने अध्ययन/परामर्शको लागत अनुमानमा एकरुपता कायम गर्न मापदण्ड (Standard) तयार गरी स्वीकृत गर्ने।	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	

प्रदेश विकास समस्या समाधान समितिको चौधौं बैठकबाट राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश भएका निर्णय (मितिः २०८२/१२/२६)

क्र.सं.	समस्या	प्रस्तावित निर्णय	प्रस्ताव गर्ने मन्त्रालय/निकाय
१	नवलपरासी (ब.सु.पू.) जिल्ला विनयत्रिवेणी गाउँपालिकाको दुम्कीबास देखि त्रिवेणीसम्मको हुलाकी मार्गको जम्मा ८ कि.मि. सडक निर्माण हुन् नसक्दा उक्त स्थानीय तहका दुई वडाका नागरिक गाउँपालिकाको केन्द्र आवतजावत गर्न लुम्बिनी प्रदेश भई (झन्डै ५१ कि.मि. पार गरी) आउनुपर्ने।	नेपाल सरकारको अधिकारक्षेत्र रहेको सडक निर्माणमा सहजीकरण गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने।	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
२	प्रदेश सरकारले भोग चलन गरेका र प्रदेश सरकारलाई आवश्यक पर्ने जग्गाको भोगाधिकार प्राप्त नहुँदा प्रदेश सरकारको प्राथमिकता कार्यान्वयन हुन नसकेको।	नेपाल सरकारको स्वामित्वमा रही प्रदेश सरकारले उपभोग गरिरहेका जग्गाको स्वामित्व प्रदेश सरकारलाई हस्तान्तरण गर्न र प्रदेश सरकारलाई आवश्यक पर्ने जग्गाको भोगाधिकार प्राप्तिको प्रक्रिया सहजीकरण गरिदिन नेपाल सरकारसमक्ष पुनः अनुरोध गर्ने।	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
३	नेपाल सरकार कार्यविस्तृतिकरण प्रतिवेदन परिमार्जनका लागि प्रदेश सरकारबाट प्रस्तावित संशोधन सम्बोधन नहुँदा सङ्घीयता कार्यान्वयन प्रभावित भएको।	नेपाल सरकार कार्यविस्तृतिकरण प्रतिवेदन अद्यावधिक/परिमार्जन गरी जारी गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने।	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
४	नेपाल सरकारबाट अन्तरसरकारी वित्त व्यवस्थापन ऐन बमोजिम प्राप्त हुनुपर्ने रोयल्टी बापतको रकम निर्धारित समयमा प्राप्त हुन नसकेको।	रोयल्टी बापतको रकम समयमै पठाउने व्यवस्थाको लागी नेपाल सरकारसमक्ष अनुरोध गर्ने।	आर्थिक मामिला मन्त्रालय

५	गण्डकी प्रदेशको उत्तरी क्षेत्रका मुस्ताङ, मनाङ, गोरखा र बागलुङ जिल्लामा नापी हुन बाँकी रहेका सरकारी तथा सार्वजनिक जग्गा नापजाँच नहुँदा मनाङ, मुस्ताङ, लगायतका उत्तरी भूभागमा विभिन्न जातका फलफुल उत्पादनको प्रचुर सम्भावना हुँदाहुँदै पनि व्यावसायिक खेती गर्न नसकिनु।	गण्डकी प्रदेशको उत्तरी क्षेत्रका मुस्ताङ, मनाङ, गोरखा र बागलुङ जिल्लामा नापी हुन बाँकी रहेका सरकारी तथा सार्वजनिक जग्गा नापजाँच गरी दर्ता गर्ने र त्यस्ता जग्गा करार गरी कृषि क्षेत्रको विकासका लागि उपयोग गर्ने व्यवस्था मिलाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने।	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
६	प्रदेश विकास समस्या समाधान समितिबाट निर्णय भई राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश भएका विषय सम्बोधन नहुँदा सम्बन्धित क्षेत्रका विद्यमान समस्या समाधान हुन नसकेको।	प्रदेश विकास समस्या समाधान समितिको निर्णयानुसार राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश भई हालसम्म सम्बोधन हुन नसकेका सङ्घीय निजामती सेवा ऐन, PLMBIS प्रणालीमा भौतिक प्रगति र स्रोत सुनिश्चितता प्रविष्टि सम्बन्धी विषय, प्रहरी समायोजन, ट्राफिक जरिवाना लगायतका विषय समाधानका लागि पुनः नेपाल सरकार समक्ष पेश गर्ने।	प्रदेश विकास समस्या समाधान समिति
७	विभिन्न स्थानीय तहले नेपाल सरकारको स्विकृतिमा जग्गा विकास आयोजना सञ्चालन गरेको, उक्त आयोजनाभित्र रहेका गुठीका जग्गालाई अत्यधिक मूल्य तिर्नुपर्ने कारणले जग्गा विकासमा कठिनाई भएको।	गुठीका जग्गालाई जग्गा विकास आयोजना अन्तर्गत सञ्चालन गर्दा मालपोतबाट तय भएको मूल्यको दुई तिहाई मूल्य तिर्नुपर्ने प्रावधान संशोधन गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने।	स्थानीय तह

गण्डकी प्रदेश विकास समस्या समाधान समितिको तेह्रौं बैठकका निर्णय (मितिः २०८२/०८/२४)

क्र.स	समस्या	प्रस्तावित निर्णय	जिम्मेवार निकाय	सहयोगी निकाय
१	बजेटमा प्रक्षेपण गरिएको अनुपातमा राजस्व सङ्कलन नहुँदा प्रदेश सञ्चित कोषमा दबाब सिर्जना भएको।	विषयगत मन्त्रालयले आर्थिक ऐन, २०८२ बमोजिम चालु आर्थिक वर्षमा सङ्कलन गर्न सक्ने राजस्व अनुमान गरी आर्थिक मामिला मन्त्रालयमा पेश गर्ने। आर्थिक ऐनमा समसामयिक संशोधनमार्फत थप राजस्व सङ्कलन गर्न सक्ने अवस्थाको विश्लेषण गरी आर्थिक मामिला मन्त्रालयमा सुझाव पेश गर्ने। आगामी आर्थिक वर्षमा आर्थिक मामिला मन्त्रालयले विषयगत मन्त्रालयलाई राजस्व सङ्कलनको लक्ष्य निर्धारण गर्ने।	आर्थिक मामिला मन्त्रालय	विषयगत मन्त्रालय
२	पूर्वाधार विकासका आयोजना सञ्चालनका क्रममा अन्य क्षेत्रका सञ्चालित आयोजनामा क्षति	पूर्वाधार विकासका आयोजनाको लागत अनुमान तयारी गर्दाको बखत अन्य सञ्चालित आयोजनामा पर्नसक्ने जोखिमको	आर्थिक मामिला मन्त्रालय तथा विषयगत मन्त्रालय	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

	हुन गई मर्मत संभारको जिम्मेवारी कानूनतः यकिन नभएकाले मर्मत संभारमा ढिलासुस्ती हुने गरेको।	आँकलन समावेश गर्ने कानूनी व्यवस्थाका लागि प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ मा उक्त व्यवस्था थप गर्ने।		
३	संविधानत कृषि आयमा कर प्रदेशको एकल अधिकारभित्र भएको र प्रदेश आर्थिक ऐन, २०८२ मा कृषि आयमा कर सङ्कलन सम्बन्धी केही व्यवस्थाका बाबजुद अपेक्षित रुपमा सङ्कलन हुन नसकेको।	कृषि आयमा कर प्रभावकारी ढङ्गले सङ्कलन गर्नको लागि प्रदेश कानूनको तर्जुमा गरी कार्यान्वयन गर्ने।	आर्थिक मामिला मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
४	गण्डकी प्रदेश सरकारको बहुवर्षीय आयोजना व्यवस्थापन (छनौट, स्रोत व्यवस्थापन, कार्यान्वयन, अभिलेखिकरण, अनुगमन तथा मूल्याङ्कन) मा कठिनाई भएको।	बहुवर्षीय आयोजना सम्बन्धी स्पष्ट मापदण्ड र प्रक्रियाको व्यवस्था गर्न प्रदेश बहुवर्षीय आयोजना सम्बन्धी कार्यविधि तर्जुमा गर्ने।	गण्डकी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालय	विषयगत मन्त्रालय
५	प्रदेश कानून संशोधन पश्चात्त मूल कानूनमा समाहित नभएको कारण कानून बमोजिम कामकारवाहीमा कठिनाई उत्पन्न भएको। मौजुदा तथा खारेज भएका कानूनको वर्गीकरण नहुँदा अन्यौलता उत्पन्न भएको।	कानूनको कार्यक्षेत्र रहेको मन्त्रालयले कानून संशोधन पश्चात्त मूल कानूनमा समाहित गर्ने र मौजुदा एवम् खारेज भएका कानूनको वर्गीकरणसहित अभिलेखीकरण गरी सार्वजनिक गर्न निर्देशन दिने।	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।	विषयगत मन्त्रालय
६	उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २२ बमोजिम बजार अनुगमनको क्रममा जरिवाना लगाउने अधिकार सहित निरिक्षण अधिकृत तोक्ने अधिकार प्रदेश सरकारलाई नभई नेपाल सरकारको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले तोक्ने व्यवस्था भएको र समयमा नै प्रदेशका लागि निरिक्षण अधिकृत नतोकिएको कारण बजार अनुगमनमा तत्काल जरिवाना गर्न समस्या भएको।	जिल्लास्थित एकीकृत कार्यालयको कार्यक्षेत्र (ToR) मा बजार अनुगमन सम्बन्धी जिम्मेवारी तोकिएको प्रमाणित प्रतिलिपि सहित सोही कार्यालयमा कार्यरत अधिकृतलाई बजार अनुगमन निरीक्षक तोक्ने व्यवस्थाको लागि नेपाल सरकार, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा पत्राचार गर्ने।	उद्योग तथा पर्यटन मन्त्रालय	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

प्रदेश विकास समस्या समाधान समितिको तेह्रौं बैठकबाट राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा निर्णयार्थ प्रस्ताव गरिएका विषय (मितिः २०८२/०८/२४)

१	विगतमा प्रदेश विकास समस्या समाधान समितिको निर्णयानुसार राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश भई हालसम्म कार्यान्वयन नभएका निर्णय कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पुनः अनुरोध गर्ने।
२	नेपाल सरकारको आर्थिक वर्ष २०८२।८३ को बजेट वक्तव्यको बुँदा नं ३०० मा लिफ्ट प्रविधिबाट खानेपानी सेवा उपलब्ध गराउँदा लाग्ने विद्युत महसुलमा ५० प्रतिशत छुट दिने व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारसँग अनुरोध गर्ने।
३	संघीय सशर्त अनुदानमा सञ्चालित खानेपानी तर्फका १९० वटा अधुरा आयोजनाका लागि चालु आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारबाट वजेट विनियोजन नहुँदा अधुरा रहन गएका आयोजना सम्पन्न गर्न रू१ अर्व ६५ करोड रकम लाग्ने देखिएकोले उक्त आयोजनाका लागि बजेट व्यवस्थापन गर्ने नेपाल सरकार समक्ष अनुरोध गर्ने।
४	गण्डकी प्रदेशमा स्थापना भएका वायु गुणस्तर अनुगमन केन्द्र (घरपझोङ, मुस्ताङ; गण्डकी बोर्डिङ स्कुल, लामाचौर, पोखरा, जल तथा मौसम विज्ञान कार्यालय, पोखरा र पोखरा विश्वविद्यालय) मध्ये घरपझोङ स्टेसनले मात्रै तथ्याङ्क सम्प्रेषण गरिरहेकोले बाँकी तीन वटालाई पनि पूर्ण रूपमा सुचारु गर्न र प्रदेशका रणनीतिक स्थानमा थप वायु गुणस्तर अनुगमन केन्द्र स्थापना गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।
५	नेपालको संविधान बमोजिम राष्ट्रिय वन क्षेत्र व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारको एकल अधिकारको क्षेत्र रहेकोले प्रदेश सरकारको राजश्व बढाउन सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहभित्र काठ/दाउरा बिक्रीबाट प्राप्त रकमको १० प्रतिशत प्रदेश सञ्चित कोषमा र समूह भन्दा बाहिर काठ/दाउरा बिक्रीबाट प्राप्त रकमको ३० प्रतिशत प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको १० प्रतिशत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) २ बमोजिम स्थानीय सञ्चित कोष र बाँकी रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्ने व्यवस्थाका लागि वन ऐन, २०७६ संसोधन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।
६	सामुदायिक वन लगायतका राष्ट्रिय वन क्षेत्रभित्र बसोबास एवम् आवादकमोद गर्दै आएका भूमिहीन दलित, सुकुम्वासी एवम् अव्यवस्थित बसोबासीलाई भूमि आयोगबाट जग्गा धनी पुर्जा वितरण गर्ने प्रयोजनका लागि वन क्षेत्रका त्यस्ता वस्तीको हकमा वन ऐन, २०७६ र भूमि आयोगको गठन आदेशको व्यवस्था बाझिएकोले आवश्यक कानूनी प्रवन्ध मिलाउन नेपाल सरकारसमक्ष अनुरोध गर्ने।
७	राष्ट्रिय वन क्षेत्रबाट उत्पादन हुने काठ दाउराको मूल्यलाई समयानुकूल प्रतिस्पर्धी बनाउन न्यूनतम मूल्य तोक्ने कानूनी प्रवन्ध मिलाउन नेपाल सरकारसमक्ष अनुरोध गर्ने।
८	संविधानतः प्रदेशभित्रको राष्ट्रिय वन प्रदेश सरकारको एकल अधिकार रहेकोमा उक्त व्यवस्था प्रतिकूल हुने गरी वन ऐन, २०७६ को दफा २ खण्ड (ज) मा "डिभिजनल वन अधिकृत भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारले खटाएको डिभिजन वन कार्यालयको प्रमुख सम्झनुपर्छ" भन्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था संशोधन गरी "प्रदेश सरकारले खटाएको डिभिजन वन अधिकृतलाई सम्झनुपर्छ" कायम हुन र ऐन बमोजिमको अर्धन्यायिक अधिकार प्रदेश सरकारले खटाएको डिभिजन वन अधिकृतलाई प्रदान गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने।
९	सङ्घीयता प्रभावकारी कार्यान्वयनको लागि नेपाल प्रहरीलाई प्रदेशमा यथाशिघ्र समायोजन गर्न र हाल ट्राफिक प्रहरीमार्फत सङ्कलन भईरहेको दण्ड जरिवाना वापतको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्थाका लागि नेपाल सरकारलाई अनुरोध गर्ने।

१०	नेपाल सरकारको स्वामित्वमा रही प्रदेश सरकारले उपभोग गरिरहेका जग्गाको स्वामित्व प्रदेश सरकारलाई हस्तान्तरण गर्न र प्रदेश सरकारलाई आवश्यक पर्ने जग्गाको भोगाधिकार प्राप्तिको प्रक्रिया सहजीकरण गरिदिन नेपाल सरकारसमक्ष पुनः अनुरोध गर्ने।
११	ढुंगा, गिट्टी, बालुवा लगायतका दहत्तर बहत्तर र काष्ठ तथा गैरकाष्ठ वनपैदावरबाट प्राप्त स्रोत बाँडफाँट र व्यवस्थापनका लागि एकीकृत कानून निर्माण गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने।
१२	बढ्दो मानव-वन्यजन्तु द्वन्द न्यूनिकरण गर्नका लागि दिगो नीति तथा प्रभावकारी कार्यक्रम सञ्चालानार्थ नेपाल सरकारलाई अनुरोध गर्ने।
१३	नेपालको संविधान बमोजिम प्रदेशको एकल अधिकार क्षेत्रमा रहेको कृषि आयमा करका सम्बन्धमा आयकर ऐन, २०५८ मा यथोचित संशोधन गरी प्रदेश सरकारले सङ्कलन गर्न सक्ने व्यवस्थाका लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने।
१४	एउटै प्रकृतिका कार्यको लागि संघ र प्रदेश सरकारको आ-आफ्नो संरचना स्थापना भएको कारण नागरिकमा दुविधा उत्पन्न भएकोले प्रदेश सरकारले गर्दै आएका कामसँग मिल्ने खालका काम गर्न नेपाल सरकारले कार्यालय स्थापना नगर्ने र स्थापना भएका कार्यालय बन्द गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने। उदाहरणः राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, संघीय खानेपानी आयोजना, शहरी विकास तथा भवन कार्यालय, सडक कार्यालय आदि।
१५	भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनबाट क्षती भएका भौतिक संरचनाहरु (सरकारी तथा निजी) को पुनर्निर्माण र मर्मत सम्भारको लागि आवश्यक स्रोतको व्यवस्थापन गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने ।
१६	प्रशासनिक सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संघीय निजामती सेवा ऐन, शिक्षा ऐन, प्रहरी समायोजन ऐन, स्वास्थ्य सेवा ऐन लगायतका कानून तत्काल जारी गर्न र राष्ट्रिय किताबखाना (निजामती) को वैयक्तिक सूचना प्रणाली (PIS) मा प्रदेश तथा स्थानीय तहको कर्मचारीको Data Backup System प्रत्येक प्रदेशमा समेत हुने व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष अनुरोध गर्ने।
१७	नेपाल सरकारबाट आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक विकास कार्यक्रममार्फत विनियोजित आयोजनामध्ये तीन करोड भन्दा कम बजेट विनियोजन भएका आयोजना रोक्का गर्ने निर्णय भएकोमा निर्माण प्रक्रिया आरम्भ भईसकेका आयोजनाको हकमा बजेट फुकुवा गर्ने निर्णय भए तापनि अन्य विकास आयोजना कटौती हुँदा पूर्वाधार विकास तथा जनताको अपेक्षा प्रभावित हुने देखिन्छ। तसर्थ, यस विषयलाई गम्भिरतापूर्वक लिई निर्णय फिर्ता लिन नेपाल सरकारसमक्ष अनुरोध गर्ने।
१८	वाली भित्र्याउने समयमा बेमौसमी वर्षाको कारण कृषि क्षेत्रमा पुगेको नोक्सानीको राहतका लागि नेपाल सरकारसमक्ष अनुरोध गर्ने।

प्रदेश विकास समस्या समाधान समितिको बाह्रौं बैठकका निर्णय (मितिः २०८२/०४/१८)

क्र.सं.	समस्या	प्रस्तावित निर्णय	जिम्मेवार निकाय	सहयोगी मन्त्रालय वा निकाय
१	भौतिक पूर्वाधार निर्माणमा प्रयोग हुने नदीजन्य निर्माण सामग्री खरिदबापत निर्माण व्यवसायीले तिर्ने	नदीजन्य निर्माण सामग्रीको रोयल्टी प्रदेशको राजस्व क्षेत्राधिकारभित्र पर्ने हुँदा आर्थिक मामिला मन्त्रालयबाट	आर्थिक मामिला मन्त्रालय र सम्बन्धित मन्त्रालय	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को

	रोयल्टीको प्रमाण पेश गरेपछि मात्र भुक्तानी गरिदिन स्थानीय तहबाट अनुरोध हुने गरेको तर यस सम्बन्धी कानूनी स्पष्टताको अभावमा कार्यान्वयन गर्न कठिनाई भएको।	नीतिगत निर्देशन दिने, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधिमार्फत कानूनी व्यवस्था मिलाउने र सम्बन्धित मन्त्रालयले सोही बमोजिम कार्यान्वयन गर्ने।		कार्यालय
२	प्रदेश सरकारको अनुदानमा स्थानीय तहले सञ्चालन गरेका आयोजना समयमा सम्पन्न नहुँदा अनुदान फिर्ता हुने भएकोले उक्त आयोजना सम्पन्न हुन नसक्ने समस्या रहेको।	प्रदेश सरकारको अनुदानमा स्थानीय तहले सञ्चालन गरेका तर समयमा सम्पन्न हुन नसकी अधुरा रहेका आयोजनाको प्रगति ७५% भन्दा बढी रहेको अवस्थामा त्यस्ता आयोजना सम्पन्न गर्नका लागि प्रदेश सरकारले आवश्यक सहजीकरण गर्ने।	आर्थिक मामिला मन्त्रालय	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
३	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा तोकिए बमोजिम निर्माण प्रकियाका मापदण्ड तथा चरणहरु परिपालन नहुने र वार्षिक बजेट तर्जुमा प्रक्रियाका चरण उपयुक्त समयमा सम्पन्न नहुँदा अनुदान फिर्ता हुने भएकाले उक्त आयोजना सम्पन्न हुन नसक्ने समस्या रहेको।	आर्थिक मामिला मन्त्रालयले वार्षिक बजेट क्यालेन्डर निर्माण गरी अनिवार्य रुपमा कार्यान्वयन गर्ने/गराउने	आर्थिक मामिला मन्त्रालय	गण्डकी प्रदेश नीति तथा योजना आयोग
४	प्रदेश आयोजना बैंकको प्रभावकारी कार्यान्वयन नहुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको र विनियोजन कुशलता अपेक्षित रुपमा हासिल गर्न नसकिएको।	प्रदेश आयोजना बैक कार्यविधि, २०८१ बमोजिम विषयगत मन्त्रालय तथा निकायलाई हाल कार्यान्वयनमा रहेका, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, पूर्व तयारी सम्पन्न भएका आयोजना प्रदेश आयोजना बैंक प्रणालीमा अध्यावधिक गर्न सम्बन्धित निकायलाई निर्देशन दिने।	सम्बन्धित मन्त्रालय/निकाय सबै	गण्डकी प्रदेश नीति तथा योजना आयोग

प्रदेश विकास समस्या समाधान समितिको बाह्रौं बैठकबाट निर्णय भएका राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने विषय (मितिः २०८२/०४/१८)

१	विगतमा प्रदेश विकास समस्या समाधान समितिको निर्णयानुसार राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश भई हालसम्म कार्यान्वयन नभएका निर्णय कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पुनः अनुरोध गर्ने।

२	नवलपरासी (ब.सु.पू.) जिल्ला विनयत्रिवेणी गाउँपालिकाको दुम्किबास देखि त्रिवेणीसम्मको हुलाकी मार्गको जम्मा ८ कि.मी. सडक निर्माण हुन नसक्दा उक्त स्थानीय तहका दुई वडाका नागरिक गाउँपालिकाको केन्द्र आवतजावत गर्न लुम्बिनी प्रदेश भई (झण्डै ५१ कि.मी पार गरी) आउनुपर्दा कठिनाई भएको हुँदा सडक निर्माणमा आवश्यक सहजीकरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।
३	प्रदेश सरकारको क्षेत्राधिकार स्पष्टताका लागि नेपाल सरकारबाट परिमार्जनको चरणमा रहेको कार्यविस्तृतीकरण प्रतिवेदनमा प्रदेश सरकारको तर्फबाट सुझाव पेश भइसकेकाले यथाशीघ्र कार्यान्वयन हुने व्यवस्थाका लागि नेपाल सरकारलाई अनुरोध गर्ने।
४	संघीय अनुदान अन्तर्गत सशर्त, विशेष र समपूरक तर्फका आयोजना म्याद सकिएपछि दायित्व प्रदेशमा मात्र सर्दा प्रदेशको दायित्व बढ्दै गएकाले संघीय अनुदानमा सञ्चालित आयोजना सम्पन्न नहुँदासम्म आवश्यक स्रोतको व्यवस्थाका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने। (उदाहरणः संघ सशर्त अनुदानमा सञ्चालित खानेपानी तर्फका १९६ वटा आयोजनाहरु निर्माण सम्पन्न नहुँदै चालु आर्थिक वर्ष २०८२/८३ मा वजेट विनियोजन नहुँदा अधुरा रहन गएका र तिनलाई सम्पन्न गर्न रू १ अर्ब ७० करोड जति रकम तत्काल आवश्यक रहेको)
५	संघ सरकारबाट सञ्चालित सूचना प्रणाली (PLMBIS र RMIS) मार्फत प्रदेशलाई आवश्यक पर्ने features र customized प्रतिवेदन प्राप्त गर्न सक्ने पहुँच उपलब्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्ने। साथै, प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा वार्षिक कार्यक्रमका अलावा त्रैमासिक/वार्षिक प्रगति र विषयगत मन्त्रालयका क्षेत्रगत उपलब्धी समेत प्रविष्ट गर्ने व्यवस्थाका लागि अनुरोध गर्ने।
६	संविधानतः सिमसार क्षेत्रको व्यवस्थापन संघ सरकारको एकल अधिकार क्षेत्र भित्र पर्ने भएकोले गण्डकी प्रदेशको पोखरामा अवस्थित अन्तराष्ट्रिय महत्वको रामसार सूचिमा सुचिकृत Lake Cluster of Pokhara Valley मा भएका ९ वटा तालको दिगो संरक्षण र व्यवस्थापन गरी पर्यापर्यटन मार्फत अर्थोपार्जन गर्न प्रदेश र स्थानीय तहसँगको सहकार्य र समन्वयमा नेपाल सरकारले विशेष व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्न अनुरोध गर्ने।
७	संघीय वन तथा वातावरण मन्त्रालयले वन क्षेत्रको लागि स्वीकृत गरेको "वन, वनस्पति तथा भू संरक्षणसम्बन्धी विकास कार्यक्रमका लागि दर विश्लेषण नर्मस्, २०७०" लाई समय सान्दर्भिक हुने गरी संसोधन गर्न, प्रकृतिमा आधारित समाधान (Nature Based Solution), वातावरणीय सेवा प्रदानसँग सम्बन्धित विषयवस्तुहरु समेत नर्मसमा समावेश गर्न संघीय वन तथा वातावरण मन्त्रालयलाई अनुरोध गर्ने।
८	बँदेल र बाँदरलाई नेपाल सरकारले गत आर्थिक वर्ष कृषिका लागि हानिकारक वन्यजन्तु घोषणा गरेकोमा, बँदेल र बाँदरको प्रकोपमा कमी नआएकाले चालु आर्थिक वर्षमा समेत कृषिका लागि हानिकारक वन्यजन्तु घोषणा गर्न संघीय वन तथा वातावरण मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने।
९	संविधानतः कृषि आयमा कर प्रदेश सरकारको एकल अधिकारको क्षेत्र रहे तापनि यस सम्बन्धमा नेपाल सरकारले आर्थिक ऐनमा छुटको व्यवस्था गर्दा नागरिकलाई कृषि आयमा कर तिर्न नपर्ने भ्रम सिर्जना भएको देखिन्छ। तसर्थ, कृषि आयमा करमा पर्ने विषयका सन्दर्भमा नेपाल सरकारबाट स्पष्ट व्याख्या हुन अनुरोध गर्ने।
१०	नेपाल सरकारको स्वामित्वमा रही प्रदेश सरकारले उपभोग गरिरहेका जग्गाको स्वामित्व प्रदेश सरकारलाई हस्तान्तरण गर्न र प्रदेश सरकारलाई आवश्यक पर्ने जग्गाको भोगाधिकार प्राप्तीको प्रक्रिया सहजीकरण गरिदिन नेपाल सरकार समक्ष अनुरोध गर्ने।

११	संघीय खानेपानी तथा सरसफाई नियमावली, २०८१ मा प्रदेशको कार्यक्षेत्रभित्र तोकिएको खानेपानी तथा सरसफाई आयोजनाको मापदण्ड कार्यान्वयनको लागि व्यवहारिक नभएकोले सोको यथाशिघ्र संशोधनका लागि नेपाल सरकारसँग अनुरोध गर्ने।

अनुसूची - ५: गण्डकी प्रदेश नीति तथा योजना आयोगका निर्णय

<u>मिति २०८२/०७/१३ गतेको निर्णय</u>

निर्णय नं. १

आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१ मा यसैसाथ संलग्न बमोजिमको संसोधन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेस गर्ने निर्णय गरियो।

निर्णय नं. २

दोस्रो पञ्चवर्षीय कार्यान्वयन योजना स्वीकृत (२०८१/०८२-२०८५/०८६) गर्ने निर्णय गरियो।

निर्णय नं. ३

गण्डकी प्रदेश विकास मार्गचित्रको अनुगमन तथा मूल्याङ्न योजना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ४

दोस्रो पञ्चवर्षीय योजनाका रणनीतिक आयोजनाको अवधारणा पत्र (Project Concept Note) तर्जुमाको लागि Asian Deveplopment Bank बाट प्राविधिक सहयोग बिस्तार गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेस गर्ने निर्णय गरियो।

<u>मिति २०८२/०९/०१ गतेको निर्णय</u>

निर्णय नं. १

मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोशिप कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो।

देहायः-

-मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोशिप कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ६ मा व्यवस्था भएबमोजिम मिति २०८२ मंसिर २८ गते आइतवारको सञ्चालन समितिको सिफारीस बमोजिम फेलो संख्या, कार्यशर्त र बजेट विनीयोजनको निर्णयलाई स्वीकृत गर्ने निर्णय गरियो।

-मुख्यमन्त्री सार्वजनिक सुशासन फेलोशिप कार्यक्रम कार्यान्वयनका सम्बन्धमा कार्यविधि अनुसार नियमित प्रकृतिका कार्यहरु अब उप्रान्त आयोगको नियमित बैठकबाट निर्णय गरी फुकाउन अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

<u>मिति २०८२/१०/२५ गतेको निर्णय</u>

निर्णय नं. १

समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन),२०८२ बमोजिम गण्डकी प्रदेश सरकारबाट आगामी आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन गर्ने गरी संलग्न बमोजिमको आयोजना कार्यविधिको मापदण्डबमोजिम

भएकोले राष्ट्रिय योजना आयोगमा पेश गर्न कार्यविधिको दफा ४ को उपदफा ७(घ) बमोजिम प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने।

निर्णय नं. २

विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन),२०८२ बमोजिम गण्डकी प्रदेश सरकारबाट आगामी आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन गर्ने गरी संलग्न बमोजिमका आयोजना मापदण्डबमोजिम भएकोले राष्ट्रिय योजना आयोगमा पेश गर्न कार्यविधिको दफा ४ को उपदफा ६(घ) बमोजिम प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने।

निर्णय नं. ३

आयोगबाट तर्जुमा भएको वार्षिक योजना तर्जुमा मार्गदर्शन,२०८२ को मस्यौदामाथि छलफल गरी सम्बन्धित मुख्य सरोकारवालाको सुझाव समेतलाई आधार लिई मस्यौदालाई अन्तिम रुप दिने।

निर्णय नं. १ सँग सम्बन्धित (क)

समपूरक अनुदान तर्फ हाल कार्यान्वयनमा रहेका क्रमागत आयोजना

आर्थिक वर्ष २०८३/८४ को लागि प्रस्तावित बजेट (रकम रु.हजारमा)

प्राथमिकीकरण	आयोजनाको विवरण	जिल्ला	कार्यक्रम कोड	सम्झौता रकम	नेपाल सरकार	प्रदेश सरकार	हालसम्मको भौतिक प्रगति	वित्तिय प्रगति	कैफियत
१	चनौटे ढिस्का हुदै भच्चेक सडक	गोरखा	११.४.२३.६६९२	७९३५००	१००९००	१००९००	१६	३१	
२	दरबाङ्ग-ताकम-सिबाङ-मुना-जलजला-ढोरपाटन सडक	म्याग्दी	११.४.२३.६७६८	९२९२००	६३९००	६३९००	२२	२०	
३	चुवाडाडाँ पेल्चेत कटुन्जे डन्डरे खोला धन्चेत रिचेत खोला हुदै काशीगाउँ केरौजा रून्चेत जाने सडक स्तरोन्नती आरुघाट-१ र २ देखि धार्चे- २,६	गोरखा	११.४.२३.६८८८	२९९७००	८००००	८००००	०	०	
४	सात ताल लिङ्क रोड (स्याङ्कदी- लामत्वारा- लेखनाथ जन्मस्थल- कालिका चोक खण्ड)	पोखरा ३१,२७,२८ र २६, कास्की	११.४.२३.६८८७	२९९९००	८००००	८००००	०	०	
५	तमानखोला गाउँपालिका-१ बोंगादोभान २ तमान लामेला शोले म्याग्दी सडक, तमानखोला गा.पा.	बागलुङ	११.४.२३.६८८९	३०००००	८००००	८००००	०	०	
६	ज्याग्दी कोरिडोर (दमाचौर- विरूवा खण्ड) चापाकोट नगरपालिका विरूवा गाउँपालिका २ हरिनास गाउँपालिका	स्याङ्जा	११.४.२३.६८९०	२९९८०	८००००	८००००	०	०	

सि.न १ देखि ६ सम्मका क्रमागत आयोजना राष्ट्रिय योजना आयोगमा पेश गर्न प्रदेश सरकार मन्त्रिपरिषदमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १ सँग सम्बन्धित (ख)

आर्थिक वर्ष २०८३/८४मा प्रस्तावित समपूरक तर्फका नयाँ आयोजना (रकम रु.हजारमा)

प्राथमिकीकरण	आयोजनाको विवरण	ठेगाना	लागत अनुमान	समय (वर्ष)	विस्तृत परियोजना प्रतिवेदन	वातावरणीय अध्ययन प्रतिवेदन	२०८३/८४ मा प्रस्तावित बजेट (प्रदेश सरकार)	२०८३/८४ मा प्रस्तावित बजेट (नेपाल सरकार)	कैफियत
१	चनौट मुच्चोक भच्चेक खरिबोट वलाङ विचौर सडक (खरिबोट वलाङ विचौर खण्ड)	अजिरकोट गा.पा, गोरखा	२९९९१८	३	भएको	भएको	३००००	३००००	
२	काउरे ज्याम्दु तान्तिक सडक (ज्याम्दु तान्तिङ खण्ड)	मादी गा.पा. वडा नं ५,७,३ र २	२९९९६८	३	भएको	भएको	३००००	३००००	
३	बोरांगखोला विचौर सडक आयोजना	लमजुङ	२९९२०८	३	भएको	भएको	३००००	३००००	
४	झापुटार काहुँ मोटर मार्ग,तनहुँ	तनहुँ	२९९९०५	३	भएको	भएको	३००००	३००००	

सि न १ देखि ४ सम्मका आयोजना राष्ट्रिय योजना आयोगमा पेश गर्न प्रदेश सरकार मन्त्रिपरिषदमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. २ सँग सम्बन्धित (क)

विशेष अनुदान तर्फ हाल कार्यान्वयनमा रहेका क्रमागत आयोजना (रकम रू हजारमा)

प्राथमिकीकरण	आयोजना	जिल्ला	क्षेत्र	लक्ष्य	एकाई	आयोजनाको आवश्यकता	लागत अनुमान	८३/८४ (आवश्यक बजेट)	जिम्मेवार मन्त्रालय	प्रगति	कैफियत
१	मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा विस्तार तथा सुदृढिकरण आयोजना	११ जिल्ला	स्वास्थ	आधारभूत स्वास्थ्य सेवा		आधारनभूत स्वास्थ्य सेवा	२४३२००	१०४००	स्वास्थ्य मन्त्रालय	हालसम्म ६१% वित्तीय प्रगति	
२	खारखोला नदी व्यवस्थापन आयोजना	गोरखा	विपद् जोखिम न्यूनीकरण	१	कि.मि.	विपद् जोखिम न्यूनिकरण	९९०००	२५०००	उर्जा, जलस्रोत तथा खानेपानी	ठेक्का आहान भई बोलपत्र मूल्याङ्कन प्रक्रियामा रहेको	
३	राईनासटार सिँचाइ आयोजना	लमजुङ	आर्थिक सामाजिक रुपले विभेदमा परेका समुदायको	९५०	हे.	आधारनभूत स्वास्थ्य सेवा	१०००००	२००००	उर्जा, जलस्रोत तथा खानेपानी	Letter of Agreement दिइएको	

			उत्पादन र उत्पादकत्व वृद्धि तथा जीविकोपार्जन सुधार								
४	बाढीबाट क्षतिग्रस्त सिँचाई आयोजनाहरूको पुनःस्थापना तथा विपद जोखिम न्युनिकरण कार्य	बाग्लुङ्ग	विपद् जोखिम न्यूनीकरण तथा विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधाको पुनःनिर्माण	२००	हे.		९९६००	४००००	उर्जा, जलस्रोत तथा खानेपानी	आयोजनाको लागत अनुमान तथा बोलपत्र विवरण तयार हुँदै	
५	लोकाहा खोला नदी व्यवस्थापन आयोजना	नवलपुर	विपद् जोखिम न्यूनिकरण	४.५	कि.मि.		७२९००	३००००	उर्जा, जलस्रोत तथा खानेपानी	बोलपत्र मूल्याङ्कन प्रक्रियामा रहेको	
६	खहरे- चुक्तिखोला नदी व्यवस्थापन आयोजना	गोरखा	विपद् जोखिम न्यूनिकरण	१.९५	कि.मि.		९९६००	३००००	उर्जा, जलस्रोत तथा खानेपानी	बोलपत्र मूल्याङ्कन प्रक्रियामा रहेको	
सि.न १ देखि ६ सम्मका क्रमागत आयोजना राष्ट्रिय योजना आयोगमा पेश गर्न प्रदेश सरकार मन्त्रिपरिषदमा सिफारिस गर्ने निर्णय गरियो।											

निर्णय नं. २ सँग सम्बन्धित (ख)

आर्थिक वर्ष २०८३/८४ को लागि प्रस्तावित विशेष अनुदानतर्फका नयाँ आयोजना तथा कार्यक्रम (रु हजारमा)

प्राथमिकीकरण	आयोजना तथा कार्यक्रम	ठेगाना	क्षेत्र	लक्ष्य	एकाई	समय (वर्ष)	लागत अनुमान	वातावरणीय अध्ययन	डि.पि.आर	८३/८४ (आवश्यक बजेट)	जिम्मेवार
१	नसर्ने रोग तथा मानसिक स्वास्थ्य सेवा सुदृढिकरण कार्यक्रम	११ जिल्ला	नसर्ने रोग तथा मानसिक स्वास्थ्य सेवा सुदृढिकरण	नसर्ने रोगको रोकथाम		२	९९५००	गर्न नपर्ने	गर्न नपर्ने	५००००	स्वास्थ्य मन्त्रालय

२	पिपलटार सिंचाई योजना, रिषिङ्ग गा.पा. ५ तनहुँ	ऋषिङ्ग गा.पा वडा नं ५ र घिरिङ गा.पा वडा नं ४, तनहुँ	स्थायी, सुरक्षित तथा पर्याप्त खानेपानी सेवा उपलब्ध गराइ जीविकोपार्जन सुधार	९०	हे.	२	९९३९२	भएको	भएको	६००००	उर्जा, जलस्रोत तथा खानेपानी
३	कास्की जिल्ला विशेष ग्रेभिटि खानेपानी कार्यक्रम(वर्दिमिजुरे खानेपानी आयोजना (मादी गाउँपालिका वडा नं ८ र ९) र जलजला पन्चासे हुनमान मन्दिर थाप्लेको भूमे खानेपानी आयोजना)	मादी गा.पा वडा नं ८ र ९ र अन्नपूर्ण गा.पा वडा नं ४, कास्की	स्थायी, सुरक्षित तथा पर्याप्त खानेपानी सेवा उपलब्ध गराइ जीविकोपार्जन सुधार	६०६	घरधुरी	३	१०००००	गर्न नपर्ने	भएको	४००००	उर्जा, जलस्रोत तथा खानेपानी
४	बाग्लुङ जिल्ला विशेष खानेपानी कार्यक्रम	गल्कोट न.पा, ढोरपाटन न.पा, र वडिगाड गा.पा	स्थायी, सुरक्षित तथा पर्याप्त खानेपानी सेवा उपलब्ध गराइ जीविकोपार्जन सुधार	१०१०	घरधुरी	३	९९८९९	गर्न नपर्ने	भएको	३००००	उर्जा, जलस्रोत तथा खानेपानी

<u>मिति २०८२/११/१४ गतेको निर्णय:</u>

निर्णय नं. १

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन,२०७८ को दफा ७(१) बमोजिम संलग्न अनुसार आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को बजेट सीमा र आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा मार्गदर्शन स्वीकृत गरी सम्बन्धित मन्त्रालय/निकायमा पठाउने।

निर्णय नं. २

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन,२०७८ को दफा ७(१) बमोजिम संलग्न अनुसार आगामि तीन आर्थिक वर्ष (२०८३/०८४-२०८५/८६) को मध्यमकालीन खर्च संरचना (MTEF) को ढाँचा स्वीकृत गरी सम्बन्धित मन्त्रालय /निकायमा पठाउने।

निर्णय नं. ३

आयोजना तथा कार्यक्रम छनौट प्रक्रियालाई तथ्यपरक, वस्तुपरक, अनुशासित, परिणाममुखी र आवश्यकतामा आधारित बनाउन प्रदेश सरकारको वार्षिक बजेटमा समावेश हुने आयोजना तथा कार्यक्रम प्रदेश सभाका सदस्य तथा अन्य पदाधिकारी एवंम् सरोकारवालाबाट सिफारिस हुने व्यवस्थाका लागि स्पष्ट मार्गदर्शन गर्नु पर्ने आवश्यकता महशुस गरी गण्डकी प्रदेश नीति तथा योजना आयोगले तयार गरेको वार्षिक योजना तथा कार्यक्रम छनोट मार्गदर्शन मस्यौदाउपर प्राप्त सुझाव र पृष्ठपोषण समावेश गरी स्वीकृत गर्ने र प्रदेश सरकारबाट स्वीकृतार्थ प्रक्रिया अगाडि बढाउने।

<u>मिति २०८३/०२/२९ गतेको निर्णय:</u>

निर्णय नं. १

आयोगको मिति २०८२/११/१४ गतेको निर्णयानुसार गण्डकी प्रदेश अन्तर्गतका आयोग/मन्त्रालय/निकायलाई प्रदान गरिएको आगामी तीन आर्थिक वर्ष (२०८३/८४- २०८५/८६) को बजेट तर्जुमाको लागि बजेट सीमामा प्रदेश स्रोत अनुमान समितिको मिति २०८३/०२/२७ गतेको सिफारिस अनुसार निर्धारित स्रोत तथा खर्चको सिमा अनुरुप रहेर प्रदेशका निकायहरुलाई परिमार्जित बजेट सीमा प्रदान गर्ने।

निर्णय नं. २

गण्डकी प्रदेशको State of Environment को प्रतिवेदन स्वीकृत गर्ने।

निर्णय नं. ३

गण्डकी प्रदेशको राजस्व वस्तुस्थिति अध्ययन तथा परिचालान रणनीतिको प्रतिवेदन स्वीकृत गर्ने।

निर्णय नं. ४

गण्डकी प्रदेशको जलवायु परिवर्तन तथा वित्त स्थिति पत्रको प्रतिवेदन स्वीकृत गर्ने।

मिति २०८३/०३/०१ गतेको निर्णय:

निर्णय नं. १

गण्डकी प्रदेश नीति तथा योजना आयोगबाट तयार गरिएको मध्यमकालीन खर्च (संरचना आर्थिक वर्ष २०८३/०८४-२०८५/०८६) स्वीकृत गरी आर्थिक मामिला मन्त्रालयमा पेस गर्ने।

अनुसूची - ६: प्रदेशस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिको बैठकका निर्णय

मिति २०८२/०७/२० गतेको निर्णय

निर्णय नं. १:

प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यलाई प्रभावकारी ढङ्गले समन्वय गर्न विषयगत मन्त्रालयमा पोषण सम्पर्क व्यक्ति तोक्ने।

निर्णय नं. २:

प्रदेशस्तरीय बहुक्षेत्रीय पोषण कार्यक्रम (MSNP) को समीक्षा बैठक मिति २०८२ साल मङ्सिर २ र ३ गते गर्ने।

निर्णय नं. ३:

चालु आर्थिक वर्ष (२०८२/८३) मा १५ वटा स्थानीय तहमा पोषण सहज नियुक्त गर्नुपर्नेमा ५ वटा स्थानीय तहमा हालसम्म पनि नियुक्त नभएकाले नियुक्तिका लागि गाँउ/नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति मार्फत सम्बन्धित स्थानीय तहलाई आवश्यक समन्वय र सहजीकरण गर्ने।

निर्णय नं. ४:

आगामी आर्थिक वर्षमा वार्षिक नीति तथा कार्यक्रममा बहुक्षेत्रीय पोषणका कार्यक्रमलाई प्राथमिकता दिई प्रभावकारी बनाउन प्रदेशका सबै स्थानीय तहलाई अनुरोध गर्ने।

मिति २०८३/०२/०१ गतेको निर्णय

निर्णय नं. १:

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन सम्बन्धमा भए गरेका विषयमा प्रस्तुतीकरण तथा छलफल भयो।

निर्णय नं. २:

विषयगत मन्त्रालय (उद्योग तथा पर्यटन; उर्जा; जलस्रोत तथा खानेपानी; कृषि भूमि व्यवस्था तथा सहकारी, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य मन्त्रालय) बाट आर्थिक वर्ष २०८३/८४ मा बहुक्षेत्रीय पोषणसँग सम्बन्धित क्षेत्रमा बजेट विनियोजन गर्ने प्रतिवद्धता गरियो।

निर्णय नं. ३:

बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि MSNP-III ले जोड दिएको कार्यक्रमलाई मुलप्रवाहीकरण गर्न स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरियो।

अनुसूची - ७: आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन

गण्डकी प्रदेश नीति तथा योजना आयोग, कास्की

कार्यालय कोड नं: ३९१००३९०१४

खर्चको फाँटवारी

आर्थिक वर्ष: २०८२/८३

बजेट उपशीर्षक नम्बरः	३९१०००११४		
खर्च/वित्तीय संकेत नम्बर	**विनियोजित बजेट**	**खर्च रकम**	**बाँकी बजेट**
३१११२ गैर आवासीय भवन निर्माण/खरिद	१००००००	०	१००००००
३११२१ सवारी साधन	३२५०००	०	३२५०००
३११२२ मेशिनरी तथा औजार	१६७५०००	२६७९९९	१४०७००१
३११२३ फर्निचर तथा फिक्चर्स	१००००००	६१७९५४	३८२०४६
३११३५ पूंजीगत परामर्श खर्च	०	२९७६३२	२१३७८
३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च	२००००००	१३४४२१५	६५५७८५
जम्मा	**६००००००**	**२५२७८००**	**३७९१२१०**

गण्डकी प्रदेश नीति तथा योजना आयोग, कास्की

कार्यालय कोड नं: ३९१००३९०१४

खर्चको फाँटवारी

आर्थिक वर्ष: २०८२/८३

बजेट उपशीर्षक नम्बरः ३९१०००११३			
खर्च/वित्तीय संकेत नम्बर	**विनियोजित बजेट**	**खर्च**	**बाँकी बजेट**
२११११ पारिश्रमिक कर्मचारी	१५४५९०००	६९३२९३३	८५२६०६७
२१११२ पारिश्रमिक पदाधिकारी	२२३५०००	२१४४००८	९०९९२
२११२१ पोशाक	२३००००	९००००	१४००००
२११३२ महंगी भत्ता	९०००००	५३५०००	३६५०००
२११३४ कर्मचारीको बैठक भत्ता	१९२०००	०	१९२०००
२११३९ अन्य भत्ता	१९८०००	७८००	१९०२००
२११४१ पदाधिकारी बैठक भत्ता	१००८०००	६९९८००	३०८२००
२११४२ पदाधिकारी अन्य सुविधा	१०८००००	१०१७६००	६२४००
२१२११ सामाजिक सुरक्षा कोष खर्च	३०२०००	२३५२२६	६६७७४
२१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च	२३१०००	६१०६६	१६९९३४
२१२१३ योगदानमा आधारित बीमा कोष खर्च	१११०००	४३२००	६७८००
२२१११ पानी तथा बिजुली	४८३०००	२२९९३०	२५३०७०
२२११२ संचार महसुल	४३६०००	१८७७९६	२४८२०४
२२२११ इन्धन (पदाधिकारी)	९४००००	५१७३४४	४२२६५६
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	११७१०००	४५७३९२	७१३६०८

२२२१३ सवारी साधन मर्मत खर्च	१२०००००	६९४७५९	५०५२४१
२२२१४ बिमा तथा नवीकरण खर्च	२७६०००	७५१५७	२००८४३
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	३४५०००	३४२६५९	२३४१
२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	४०००००	२३७७७७	१६२२२३
२२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	८००००	११३००	६८७००
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	६६००००	४७१९८१	१८८०१९
२२३१३ पुस्तक तथा सामग्री खर्च	१०००००	४३००	९५७००
२२३१४ इन्धन - अन्य प्रयोजन	७२०००	७६९०	६४३१०
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	७६००००	१५४१६०	६०५८४०
२२३१९ अन्य कार्यालय संचालन खर्च	२२००००	८९५१९	१३०४८१
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	१०००००	०	१०००००
२२४१३ करार सेवा शुल्क	२९६१०००	२३६४२७७	५९६७२३
२२५११ कर्मचारी तालिम खर्च	२०००००	५९०९९	१४०९०१
२२५२२ कार्यक्रम खर्च	३५७०००००	३२७५९५९	३०४२४०४१
२२६११ अनुगमन, मूल्यांकन खर्च	१६५००००	८०७९१४	८४२०८६
२२६१२ भ्रमण खर्च	५०००००	२१०२६१	२८९७३९
२२७११ विविध खर्च	८०००००	६०००००	२०००००
जम्मा	**७१००००००**	**२२५६५९०६**	**४६४३४०९४**

अनुसूची - ८: अध्ययन/अनुसन्धानको सूची

आयोगबाट भएका अध्ययन/अनुसन्धान

१. गण्डकी प्रदेशमा वातावरणमैत्री नमुना कृषि कार्यक्रम सम्बन्धमा अध्ययन, २०७६/०७७
२. गण्डकी प्रदेशमा सञ्चालित नमुना कृषि तथा पशु फार्मको सम्बन्धमा अध्ययन,२०७६/०७७
३. Preparation of GIS Base High Resolution Maps of Gandaki Province, २०७६/०७७
४. गण्डकी प्रदेशको तथ्याङ्क बैंक बनाउने, २०७६/०७७
५. सामाजिक विकास मन्त्रालय र आर्थिक मन्त्रालय तथा योजना मन्त्रालयको लैंगिक उत्तरदायी बजेट परिक्षण, २०७६/०७७
६. लैंगिक समानता एवं सामाजिक समावेशिकरण नीति निर्माण तथा अभिमुखीकरण कार्यक्रम, २०७६/०७७
७. आयोजना अध्ययन निर्देशिका निर्माण,२०७६/०७७
८. गण्डकी प्रदेशका समुदायिक विद्यालयमा विज्ञान शिक्षा विस्तार सम्बन्धी सम्भाव्यता अध्ययन, २०७६/०७७
९. गण्डकी प्रदेशमा वायोचार उत्पादन गर्नको लागि प्राविधिक आवश्यकताको सम्भाव्यता अध्ययन, २०७६/०७७
१०. गण्डकी प्रदेशको ऊर्जा क्षेत्रको सुचिपत्र (Energy Sector Inventory of Gandaki Province), २०७६/०७७
११. कोरोना भाइरसको प्रभाव अध्ययन, २०७६/०७७
१२. दिगो विकास लक्ष्य स्थानीयकरण सम्बन्धी मार्गचित्र, २०७८/०७९
१३. गण्डकी प्रदेशको राजस्वको दायरा विस्तार सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन, २०७८/०७९
१४. श्रीकृष्ण गण्डकी नदी क्षेत्र विकासको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन, २०७८/०७९
१५. गण्डकी प्रदेशको स्रोत नक्साङ्कन प्रतिवेदन, २०७९/०८०
१६. गण्डकी प्रदेशको मानव विकास प्रतिवेदन, २०७९/०८०
१७. संघियता कार्यान्वयनमा प्रदेश तथा स्थानीय तहको उपलब्धिको समिक्षात्मक अध्ययन प्रतिवेदन, २०७९/०८०
१८. गण्डकी प्रदेशका निर्यात योग्य वस्तुको पहिचान गरी प्रकाशन,२०७९/०८०
१९. गण्डकी प्रदेशको लगानी प्रवर्धन गर्ने सम्बन्धी वृत्तचित्र निर्माण गर्ने,२०७९/०८०
२०. सूचना व्यवस्थापन सम्बन्धी सफ्टवेयर (Web-Based Information Management and Visualization System), २०८०/०८१
२१. गण्डकी प्रदेशको जलस्रोतको वर्तमान अवस्था र भावी रणनीति, २०८०/०८१
२२. गण्डकी प्रदेशमा फोहोर मैला व्यवस्थापन सम्बन्धी अध्ययन, २०८०/०८१
२३. योजना कार्यान्वयनमा देखिएका समस्याको पहिचान र निराकरणका लागि सुझाव तथा सिफारिस प्रतिवेदन, २०८०/०८१
२४. गण्डकी प्रदेशको बहुप्रकोप जोखिम पहिचान तथा विश्लेषण, २०८१/८२
२५. गण्डकी प्रदेशको जलवायु मानचित्र, २०८१/०८२
२६. गण्डकी प्रदेशको वातावरणीय अवस्थाको विश्लेषण प्रतिवेदन, २०८२/८३
२७. राजस्व वस्तुस्थिति अध्ययन तथा राजस्व परिचालन रणनीति, २०८२/८३
२८. Gandaki Province Climate Status and Finance Strategy Paper को प्रतिवेदन, २०८२/८३
२९. समपूरक तथा विशेष अनुदानबाट सञ्चालित आयोजनाको प्रभाव मूल्याङ्कन, २०८२/८३
३०. उत्पादनमूलक उद्योगको उत्पादकत्व अध्ययन प्रतिवेदन, २०८२/८३

अनुसूची - ९: आयोगमा कार्यरत पदाधिकारी र कर्मचारी विवरण

क्र.सं.	नाम थर	पद
१.	डा. कृष्णचन्द्र देवकोटा	उपाध्यक्ष
२.	श्री रमेश अर्याल	प्रदेश-सचिव
३.	श्री गीता घिमिरे	उपसचिव
४.	श्री टिकाराम शर्मा	प्रमुख तथ्याङ्क अधिकृत
५.	श्री अमृता सिग्देल	प्रशासकीय अधिकृत
६.	श्री विजया भट्टराई	तथ्याङ्क अधिकृत
७.	श्री भगवती अधिकारी	प्रशासकीय अधिकृत
८.	श्री राजेश पौडेल	सहायक प्रशासकीय अधिकृत
९.	श्री सन्तोष देवकोटा	कम्प्यूटर अधिकृत
१०.	श्री सम्झना बराल	नायब सुब्बा
११.	श्री मनोज कुमार श्रेष्ठ	हलुका सवारी चालक
१२.	श्री पदम सिंह खाण	हलुका सवारी चालक
१३.	श्री सुवास भुजेल	हलुका सवारी चालक
१४.	श्री शोभा देवी विष्ट	कार्यालय सहयोगी
१५.	श्री रामचन्द्र पौडेल	कार्यालय सहयोगी
१६.	श्री मेकराज गुरुङ	कार्यालय सहयोगी